जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com


नगरलाई दिगो र हरित विकासको अवधारणाबाट... पृष्ठ ५ मा

वर्ष २५ • अंक २०५ • २०७९ साल पुस ५ गते मंगलबार (20 December, Tuesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

### जसपा र एस एकीकरणको तयारीमा

# मर्जको प्रक्रिया सकारात्मक रुपमा अगाडि बढेको दाबी

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) र नेकपा एकीकृत समाजवादी पार्टी(एस)बीच एकीकरणको तयारी सुरु भएको छ ।

आमनिर्वाचनमा अपेक्षाकृत सफलता हात पार्न नसकेको जसपा र राष्ट्रिय दल बन्न असफल भएको नेकपा एसबीच एकीकरणको प्रक्रियाले धेरै चरण पार गरिसकेको उच्चस्रोतले जनाए ।

'जसपाका अध्यक्ष उपेन्द्र यादव र एसका अध्यक्ष माधवकुमार नेपालबीच एकीकरणको विषयमा छलफल अगाडि बढेको छ' स्रोतले भने, दुबै नेताबीच सकारात्मक वार्ता भएको छ ।दुबै दलबीच कार्यगत एकता भएको चाँडै घोषणा हुने स्रोतले जनाए ।

संघीय सरकार गठनमा नेपाली कांग्रेस र नेकपा एमालेबीच तालमेल भए बाहेक कांग्रेस र एमालेलाई अन्य दलसित मिलेर सरकार बनाउन जसपा अथवा नेकपा एस अनिवार्य चाहिन्छ ।दुबै दल एकीकरण भए सत्ताको निर्णायक शक्ति बन्ने छ ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले चाँडै समाजवादी केन्द्र गठन हुने बताए लगतै जसपा र एसबीच एकीकरणको प्रक्रिया अगाडि बढेको छ ।

प्रतिनिधिसभामा जसपाको १२ र नेकपा एसको १० जना सांसद छन् । प्रदेश नम्बर १, मधेश प्रदेश र लुम्बिनी प्रदेशको सरकार गठनमा जसपा निर्णायक रहेको छ । एससित

एकीकृत भए जसपा भन् बलियो हुनेछ ।

जसपासित एकीकृत भए एसका सांसदहरुले पनि दलको मान्यता प्राप्त गर्ने छन् । राष्ट्रिय दल रहेको जसपामा एस मिसिएसँगै एसका सांसदहरुको स्वतन्त्र हैसियत समाप्त हुनेछ ।

जसपाका अध्यक्ष यादव प्रतिनिधि सभामा नरहेकाले दलको नेतामा एसका अध्यक्ष नेपालले अवसर पाउने छन् । जसपा संघीय परिषद्का अध्यक्ष रहेका अशोक राईसित पनि एसका नेताहरुले छलफल गरेका छन् नेपाल र राई विगतमा एमालेमा नै थिए ।उनीहरुबीचको सम्बन्धमा तित्कता नरहेको बताइन्छ ।

सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेसले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुख समेत प्रदेशमा मुख्यमन्त्रीहरुको समेत प्याकेजमा सहमति गर्न चाहेको छ ।प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डबीच सरकार गठनको विषयमा छलफल सुरु भइसकेको छ । नेकपा एमालेले सरकारको नेतृत्व गर्न नेकां र माओवादी द्वैबैलाई समर्थन गर्ने संवाद गरिरहेको छ ।एमालेले माओवादी र कांग्रेसका नेताहरुसितको छलफललाई निरन्तरता दिएको छ ।

सत्तासाझेदारीको विषयमा औपचारिक रुपमा जसपालाई कांग्रेस र एमालेले सम्पर्क नगरेको नेताहरुले बताएका छन् ।स्रोतका अनुसार कांग्रेस समेतको गठबन्धनमा नै जसपा पनि सहभागी हुने बलियो संभावना छ ।

जसपालाई उपराष्ट्रपति र मधेश प्रदेशको मुख्यमन्त्री दिने विषयमा सत्तारुढ गठबन्धनमा सकारात्मक छलफल भइरहेको छ ।देशको पहिलो राष्ट्रपति नेपाली कांग्रेसले पाएको बेला उपराष्ट्रपतिमा जसपाबाट परमानन्द झा निर्वाचित भएका थिए ।

जसपाका सांसद एवं निवर्तमान महासचिव रामसहाय यादवले हाल सत्तासाझेदारीको विषयमा कुनै दलले सोधखोज नगरेको बताए । 'सरकार बनाउन गठबन्धनका लागि कुनै दलबाट प्रस्ताव आएको छैन्' उनले भने, तर पहिलो रोजाई सत्तारुढ गठबन्धन सक्छ ।

एससित एकीकरणको प्रक्रिया अगाडि बढेसँगै सत्तामा हिस्सेदारी हुने निश्चित छ । सरकारको नेतृत्वका लागि प्रचण्डले देउवा समक्ष औपचारिक रुपमा नै प्रस्ताव राखिसकेका छन् ।तर देउवाले गठबन्धनको बैठकमा छलफल गर्ने जवाफ दिएका थिए ।

सरकारको नेतृत्व गर्न प्रचण्डलाई जसपा र एसको बलियो साथ चाहिएको छ । यादव र नेपालले नसघाए प्रचण्डलाई कांग्रेस र एमाले दुबैले प्रधानमन्त्री दिने संभावना छैन् ।

जसपा र एसबीच एकीकरण भएपछि प्रचण्डले भने जस्तै समाजवादी केन्द्र गठनको प्रक्रिया पनि अगाडि बढन सक्ने संभावना रहेको छ ।

डा.बाबुराम भट्टराई नेतृत्वको तत्कालीन नयाँ शक्ति पार्टीलाई जसपाले एकीकृत गरेको थियो ।तत्कालीन राष्ट्रिय जनता पार्टी(राजपा) लाई पनि पार्टीमा मिलाएको थियो । तर पहिले महन्थ ठाकुर लगायतका नेताहरुले जसपाबाट बाहिरिएर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बनाए ।त्यस लगतै डा.भट्टराईले पनि नेपाल समाजवादी पार्टी गठन गरे पनि चुनाव माओवादी केन्द्रको छापबाट लडेका थिए ।त्यस पार्टीका अध्यक्ष महेन्द्र राय यादव सर्लाही क्षेत्र नम्बर २ बाट राजेन्द्र महतोलाई पराजित गरेका हुन् ।


नेपाल डेन्टल हस्पिटल एण्ड टेक्निकल रिर्सच इन्सिच्युट प्रा.लि.
जनकपुरधाम-७, धनुषा

सिट खाली भएको बारे सूचना

सूचना प्रकाशित मिति : २०७९/०९/०४

उपरोक्त विषयमा यो छ कि यस नेपाल डेन्टल हस्पिटल एण्ड टेक्निकल रिर्सच इन्सिच्युट प्रा.लि., जनकपुरधाम-७, धनुषामा संचालित

PCL in Dental Science

(३ वर्षे) कोर्षमा १४ वटा सिट खाली भएको हुनाले स्वास्थ्य तर्फका प्रवेश परिक्षा उत्तिर्ण विद्यार्थीहरुले ७ (सात) दिन भित्र आफ्नो शैक्षिक योग्यताको प्रमाण-पत्र सहित निवेदन दिनु हुनका लागि जानकारी गराउँदछौं ।

विस्तृत जानकारीका लागि

NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर टूमा सेन्टर हॉस्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851



डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।



थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू

उच्च ज्वरो आउनु

जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु

आँखाको गेडी दुख्नु

बेस्सरी टाउको दुख्नु

शरीरमा राता बिमिराहरु आउनु

वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।

( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

धनौजी गाउँपालिका
धनौजी, धनुषा, मधेश प्रदेश



जाडोमा लिनुपर्ने सावधानीहरू

पानी प्रशस्त पिउने

शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ ।

Warm Up गर्ने

शारीरिक व्यायाम सुरू गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि व्यायाम सूरू गर्ने ।

हिंडाइको गति कम गर्ने

चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ ।

मदिरा र चुरोट सेवन नगर्ने

जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।



चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन ।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण

जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरूरी छ ।

धेरै चिल्लो खानेकुरा नखाने

जाडोमा कोलेस्ट्रोल बढने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ ।



चिसोमा हिड्दा छाती दुख्नु

मुटु रोगको प्रमुख लक्षण ब्लनप्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरूरी हुन्छ ।

औषधिको नियमित प्रयोग

मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ ।

व्यायामको बेलामा चिसोबाट सुरक्षा

यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ ।

छिपहरमाई गाउँपालिका
भिस्वा, पर्सा, मधेश प्रदेश

### जसपाको रौतहट जिल्ला कमिटी विघटन

# अध्यक्षमा श्याम विहारी

**ओम प्रकाश यादव**

गरुडा । जनता समाजवादी पार्टी नेपालको रौतहट जिल्ला अध्यक्षमा श्याम विहारी यादव चयन भएका छन् । पार्टीमा लामो समयदेखि काम गर्दै आएको आधारमा सोमवार यादवलाई जसपाको जिल्ला अध्यक्षमा सर्वसम्मतले चयन गरिएको छ ।

यसअघिका जसपाको जिल्ला अध्यक्ष धर्मेन्द्र पटेलले निर्वाचनको समयमा पार्टी नै छोडेर गएपछि त्यसबेला देखि नै अध्यक्ष पद रिक्त रहेको थियो ।

स्थानीय तहदेखि लिएर संघ र प्रदेशको निर्वाचनमा टिकट नपाँउदा विभिन्न नेताहरुले पार्टी छोडेर गएपछि जसपाको अवस्था रौतहटमा कमजोर भएको भन्दै पार्टी अध्यक्ष उपेन्द्र यादवले स्वयम आफ्नै रोहवरमा पुरानो जिल्ला कमिटी विघटन गर्दै नयाँ कमिटी निर्माण गरेका छन् । आगामी निर्वाचनमा राम्रो नतिजा ल्याउनका लागि रौतहटमा पार्टीलाई थप मजबुत एवं बलियो बनाउन समितिलाई समायोजन गरिएको अध्यक्ष यादवले बताए ।

उनले सबैको सर्वसहमतिको आधारमा पार्टीमा लामो समयदेखि सक्रिय भइ इमान्दारीका साथ काम गर्दै आएका क्षमतावान एवं जोसिला युवा वर्गका नेतालाई प्रमुख पदहरुको जिम्मेवारी दिदै ६१ सदस्यीय जिल्ला कमिटी चयन गरेका छन् । जसपाको जिल्ला उपाध्यक्षमा २ जनालाई चयन गरिएको छ । उपाध्यक्षमा मोहम्मद कलिमुल्लाह र अमृत चौधरीलाई चयन गरिएको छ।

यस्तै, सचिवमा लखिन्द्र यादवलाई चयन गरिएको छ भने सह-सचिवमा तीन जना जयराम महतो, शम्भु यादव र दिनेश कुमार यादवलाई चयन गरिएको जिल्ला अध्यक्ष श्याम विहारी यादवले जानकारी दिए । कोषाध्यक्षमा वृज मोहन साह र सदस्यहरुमा राजीव कुमार यादव, अमरुल हक, नुरुल होदा, दिलीप यादव, पारस भण्डारी, उपेन्द्र यादव लगायतलाई चयन गरिएको छ ।

यसैबीच पदाधिकारी चयनमा जसपा भित्रका केही नेताले असन्तुष्टि जनाएका छन् । पार्टीको लागि इमान्दारी पूर्वक काम गर्ने इमान्दार कार्यकर्तालाई पाखा लगाउदै नेतृत्व पंक्तिले पार्टीसंग पटक पटक अन्तर्घात एवं विश्वासघात गर्ने, निर्वाचनमा पार्टीका उम्मेदवारलाई हराउने भूमिका खेल्ने अन्तर्घात गर्नेलाई प्रमुख पदको जिम्मेवारी दिएको भन्दै युवा नेता राजीवकुमार यादवले विरोध गर्दै असन्तुष्टि जनाएका छन् ।

आफूले पार्टीको लागि ठूलो त्याग र परिश्रम गरेको भए पनि पार्टीले जिम्मेवारी दिने बेलामा आफ्नो त्याग तथा मिहिनेतको कुनै मूल्यांकन नै नगरी एक पक्षीय ढंगले कमिटी निर्माण गरेको भन्दै यादवले दुखेसो गरे ।

# सार्वजनिक जग्गा खोज्दै महानगर

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले नगर भित्र रहेका सार्वजनिक तथा ऐलानी जग्गा खोजी गर्न सुरु गरेको छ ।

सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रमण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको जग्गा खोजी गर्न महानगरको टोली नक्सा लिएरै सम्भावित स्थानमा पुग्न थालेको छ ।

सोमबार वडा नम्वर १७ र १९ को सीमामा रहेको कोनियाँ गाउँमा पुगेको टोलीले त्यहाँ अतिक्रमण गरेको सार्वजनिक जग्गा छुट्याउन दिनभर नापजाँच गरेको थियो ।

जनप्रतिनिधिले नै कब्जा गरेको सार्वजनिक जग्गा छुट्याउन नापजाँच गरेर महानगरले सार्वजनिक जग्गा खोजी अभियानको थालनी गरेको छ ।

सोमबार महानगरको टोलीले वडा नम्वर १७ का वडासदस्य अमोद यादवले अतिक्रमण गरेर भोगचलन गर्दै आएको वडा नम्वर १९ कोनियाँमा पर्ने सार्वजनिक जग्गा आफ्नो अधिनमा ल्याउन नापजाँच गरेको छ ।

यादवले आफ्नो नाममा रहेको ७ कट्ठा जग्गाको आडैमा रहेको ४ विघा सार्वजनिक जग्गा अतिक्रमण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको वडा नम्वर १९ का वडाध्यक्ष मुकेश कुमार चौरसियाले बताए । वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले नगरक्षेत्र भित्र रहेका सार्वजनिक जग्गा पहिचान गरी महानगर मातहातमा ल्याउन अभियान चलाएका छन् ।

अहिले महानगरसँग आफ्नो क्षेत्रमा रहेका सार्वजनिक जग्गा कति छ भन्ने कुनै पनि तथ्यांक छैन । तथ्यांक नहुँदा काम गर्न कठिनाई भएकाले महानगरले आफ्नो सीमा भित्र रहेका सार्वजनिक सम्पत्ति संरक्षण गर्न जग्गा खोजी अभियान अघि बढाइएको नगरप्रमुख सिंहले बताए ।

सोमबार पहिलो दिन भएको र यो अभियान अब ३२ वटै वडामा संचालन हुने पनि महानगरले जनाएको छ । हरेक वडामा रहेका सार्वजनिक जग्गा तथा सम्पत्तिको अभिलेखिकरण गरेर राख्न र आवश्यकता अनुसार प्रयोग गर्न महानगरले खोजी अभियान अघि बढाएको पनि नगरप्रमुख सिंहले बताए ।

अभियान अन्तर्गत सोमबार नगरप्रमुख सिंहको सचिवालयका हरि पोखरेल, नगर प्रहरी प्रमुख हरि भुषाल, नक्सा शाखाका सर्वेक्षक निरज चौरसिया, अमिन लेखनारायण कर्ण, १९ नम्बर वडाका अमिन रामेश्वर प्रसाद कुशवाहा लगायत वडा नम्वर १७ र १९ का वडाध्यक्ष तथा जनप्रतिनिधिको सहभागिता रहेको थियो ।

# टाटा मोटर्सको एक्सपरेन्शियल ड्राइभ सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । टाटा मोटर्सको 'एक्सपरेन्शियल ड्राइभ' नामक टेस्ट ड्राइभ कार्यक्रम सम्पन्न भएको छ । सोमबार मोर्टसको आधिकारिक विक्रेता सिप्रदी ट्रेडिङद्धारा विद्युतीय गाडी (इभी)को जनकपुरधाममा ड्राइभ सम्पन्न भएको छ ।

जनकपुरधाममा उक्त टेस्ट ड्राइभ कार्यक्रमका साथ विद्युतीय गाडीमा रुचि राख्ने ग्राहक, संघ संस्थासँग भेटघाट कार्यक्रम आयोजना गरिएको थियो । पछिल्लो समय सन्तुलित वातावरण, न्यूनतम संचालन खर्च र अन्य विभिन्न दृष्टिकोणले इभी उपयुक्त भएको कारण, यसको बजार नेपालमा द्रूत गतीमा विस्तार भइरहेको कम्पनीको दाबी छ ।

यसै सन्दर्भमा सिप्रदीले यस टेस्ट ड्राइभ कार्यक्रमहरुमा सहभागी हुनेको संख्या उल्लेखनीय रहेको बताएको छ। यस कार्यक्रमहरुमा सम्बन्धित स्थानका प्रतिष्ठित व्यक्ति पनि भाग लिएका थिए । यसैगरी, इच्छुक ग्राहकहरुलाई खरीद गर्न सहजताको लागि विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको पनि सहभागिता थियो । टाटा ब्रान्डका टिगोर र नेक्सन इभीहरु अन्य भन्दा विशेष भएकोले पनि यो सफलता हासिल भएको कम्पनीले जनाएको छ ।

विशेष गरी यी इभीहरु दक्षिण एसिया सँगसँगै नेपाली भूभागका लागि एकदम सुहाउँदो र नेपाली बजारमा सर्वाधिक रुचाइएको पाइन्छ। समुन्नत जिप्ट्रोण प्रविधिले सम्पन्न टिगोर इभीले सर्वोत्कृष्ट सुरक्षाको लागि जीएनसीपीद्वारा मान्यता प्राप्त गरेका छन् ।

यसैगरी, नेक्सन इभीको बाहिरी र भित्री बनावट आकर्षक, बलियो एवं आरामदायी छन् भने यसको ग्राउन्ड क्लिएरेन्स पनि बाँकी गाडीहरूभन्दा उत्कृष्ट रहेको कम्पनीको दाबी छ ।

# 'हिजो स्वतन्त्र पक्षी थिएँ, अहिले जिम्मेवारीको बन्धनमा बाँधिएको छु'

**-सिबी अधिकारी**

काठमाण्डु । मानवअधिकार र सूचना पैरवीका क्षेत्रमा लामो समय काम गर्नुभएकी लक्ष्मी तिवारी यतिबेला विधायिकाका रुपमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ । हिजो सामाजिक अभियन्ताका रुपमा आमाको नामबाट नागरिकता दिलाउने व्यवस्थाका लागि लामो समय सङ्घर्ष गर्नुभएकी उहाँ यतिबेला भने त्यही कानुन बनाउने जिम्मेवारीका साथ संसद् भवन प्रवेश गर्दै हुनुहुन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट समानुपातिक निर्वाचिन प्रणालीअन्तर्गत सांसद बन्नुभएकी तिवारी अब आफूलाई फरक ढङ्गबाट अगाडि बढाउने योजनामा हुनुहुन्छ। अभियन्ताका रुपमा विभिन्न सामाजिक मुद्दामा बलियोसँग आफ्ना भनाइ राख्ने र बहस तथा विर्मश गर्न मन पराउने तिवारीको भूमिका यतिबेला 'डेलिभर' गर्ने भूमिकामा परिवर्तन भएको छ। यसलाई तिवारी चुनौतीका रुपमा लिनुभएको छ।

"सामाजिक अभियानका क्रममा जसरी आवाज उठाइन्थ्यो, ती आवाजलाई अब सम्बोधन गर्ने स्थानमा आइपुगेकी छु", उहाँ भन्नुहुन्छ, "अबको पाँच वर्ष सदनबाट आफ्ना आवाज बुलन्द गर्नेछु ।" आफू हिजो अभियन्ता हुँदा स्वतन्त्र पक्षी भएको र अब जिम्मेवारीमा बाँधिएको उहाँको भनाइ छ ।

सांसदका रुपमा अब आफू सामाजिक मुद्दा, मानवअधिकार, महिला अधिकार तथा न्यायका लागि लड्ने उहाँको अठोट छ । सांसदका रुपमा आफू कुनै राजनीतिक पार्टीको मात्रै नभई आम नागरिकको सांसद भएकाले सोहीअनुसार आफूले जिम्मेवारी र दायित्व निर्वाह गर्ने उहाँको भनाइ छ । "मैले नागरिकता कसैलाई दिलाउनेभन्दा पनि त्यसका लागि प्रक्रिया सहज बनाइदिने हो, कहींकतै समस्या छन् भने कानुनलाई सरल बनाउने हो", उहाँले भन्नुभयो, "कानुनी जटिलता हटाउँदै हकअधिकार सुनिश्चित तथा सेवासुविधा सबैको पहुँचमा पुऱ्याउन सहयोग गर्ने हो ।"

आमाका नाममा नागरिकता दिने विषयमा पनि अदालतले आदेश दिइसकेको छ तर पूर्णरुपमा कार्यान्वयन भएको छैन । यस्तो अवस्थामा अब आफूलाई सदनमा आवाज उठाउन सहज भएको उहाँको भनाइ छ ।

केही समयअघि नेपालगञ्जमा एक महिलाको हत्या भएको प्रसङ्ग निकाल्दै उहाँले भन्नुभयो, "प्रहरी प्रशासनले आत्महत्या भनेको रहेछ । मृतकको शरीरमा चोट र निलडाम छ, आँखाले देखिरहेको तर, कानुनले देखेको छैन यस्ता घटनामा जनतालाई न्याय दिनका लागि सांसदका रुपमा मैले पहल गर्नेछु ।"

संविधानले महिलाको हक तथा अधिकारका विषय कैयन सकारात्मक व्यवस्था गरे पनि कार्यान्वयन चरणमा अझै पनि केही समस्या रहेको उहाँको भनाइ छ । महिलालाई बोल्ने दिए पनि काम गर्ने अवसर नदिएकाले महिला सर्धैं पछि पर्ने गरेको उहाँको अनुभव छ । यी र यस्तै विषयमा अब आफूले संसद्मार्फत कानून कार्यान्वयनका लागि पहल गर्ने उहाँले सुनाउनुभयो ।

उहाँ राष्ट्रिय स्वतन्त्र पार्टीको बाँके जिल्ला सभापति हुँदै मधेसी कोटाबाट लुम्बिनी प्रदेशको समानुपातिक सांसदका रुपमा सङ्घीय संसद्मा प्रवेश गर्नुभएको हो । सांसद पद सार्वजनिक सम्पत्ति आर्जन गरिएको अनुभूति भएको उल्लेख गर्दै उहाँले प्राप्त जिम्मेवारीमा विचलित नभई समाजमा मधेसी महिलाको छाप नधुमिल्याउने र आमाबुबाको शिर झुक्न नदिने गरी देशप्रति जिम्मेवार र बफादार रहेर भूमिका निर्वाह गर्ने प्रतिज्ञा गर्नुभयो । सांसद तिवारीसँग २९ वर्षदेखि मानवअधिकारको क्षेत्र, महिला उद्यमी, सूचनाको हकसम्बन्धी विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा काम गरेको अनुभव छ । यसअघि उहाँले आफ्ना अभियान तथा कार्य नेपालगञ्जमा सूचनाको हकका क्षेत्रमा सक्रिय संस्थाका रुपमा रहेको सूचना र मानवअधिकार अनुसन्धान केन्द्रमार्फत अघि बढाउँदै आउनुभएको थियो । उहाँले पीडितका अवाजलाई उठाउने र वकालत गर्नुका साथै सुशासन र भ्रष्टाचारविरुद्ध खरो अभियान चलाउनुभएको थियो ।

राजनीतिक क्षेत्रमा होमिनुअघि हिजोको अभियानले प्रेरणा दिएको उल्लेख गर्दै सांसद तिवारीले राजनीतिबाट केही परिवर्तन गर्न गर्न सकिन्छ की भनेर नयाँ यात्रा सुरु गरेको बताउनुभयो । तिवारीको सामाजिक अभियानमा व्यवसायमा आबद्ध श्रीमान् रविन्द्रकुमार झवालीले साथ र हौसला दिनुभयो ।

बाँकेको जमुनिहामा व्यापार गर्दैगर्दा उहाँलाई सूचनाको हक र मानवअधिकारलगायतका विषयबारे थाहा थिएन । यतिकैमा एक जना ज्येष्ठ नागरिक महिलाले जेलमा रहेका श्रीमान् तीन वर्षदेखि भेट्न नपाएको भन्दै पहल गरिदिन अनुरोध गरेपछि उहाँले सहयोग गरिदिनुभयो । यो घटना नै आफू राजनीतिमा आउन सुरुआत भएको उहाँको भनाइ छ ।

> ***आमाका नाममा नागरिकता दिने विषयमा पनि अदालतले आदेश दिइसकेको छ तर पूर्णरुपमा कार्यान्वयन भएको छैन । यस्तो अवस्थामा अब आफूलाई सदनमा आवाज उठाउन सहज भएको उहाँको भनाइ छ । केही समयअघि नेपालगञ्जमा एक महिलाको हत्या भएको प्रसङ्ग निकाल्दै उहाँले भन्नुभयो, "प्रहरी प्रशासनले आत्महत्या भनेको रहेछ । मृतकको शरीरमा चोट र निलडाम छ, आँखाले देखिरहेको तर, कानुनले देखेको छैन यस्ता घटनामा जनतालाई न्याय दिनका लागि सांसदका रुपमा मैले पहल गर्नेछु ।"संविधानले महिलाको हक तथा अधिकारका विषय कैयन सकारात्मक व्यवस्था गरे पनि कार्यान्वयन चरणमा अझै पनि केही समस्या रहेको उहाँको भनाइ छ । महिलालाई बोल्ने दिए पनि काम गर्ने अवसर नदिएकाले महिला सर्धैं पछि पर्ने गरेको उहाँको अनुभव छ । यी र यस्तै विषयमा अब आफूले संसद्मार्फत कानून कार्यान्वयनका लागि पहल गर्ने उहाँले सुनाउनुभयो ।***

राजनीतिक पृष्ठभूमिको परिवार भए पनि विद्यार्थी जीवनमा राजनीतिप्रति चासो नराख्ने तिवारको प्रखर व्यक्तित्वबाट ठूला राजनीतिक दल प्रभावित हुन्थे र उनलाई आफ्नो पार्टीमा आउन अनुरोध नगरेका भने होइनन् । पार्टी नयाँ सरकारमा सहभागी हुने या नहुने भन्नेबारे छलफल भइरहेको उल्लेख गर्दै उहाँले के गर्दा उत्तम हुन्छ र कसरी जनतालाई अनुभूत हुनेगरी प्रतिफल दिन सकिन्छ भन्नेबारे पार्टीभित्र छलफल चलिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "जनताले वास्तविक परिवर्तन खोजेकाले आफू पुराना दलप्रति आलोचना गर्नुभन्दा पनि उहाँहरुकै कारण युवाले अवसर पाएकाले भोलिका दिनमा पनि हातेमाले गरेर काम गर्ने प्रण गर्नुभयो ।" हाम्रो समाजमा पितृ सोचका कारण अझै पनि महिलालाई नेतृत्व तहमा बस्न दिएको पाइँदैन । समावेशी कोटाका कारण मात्रै केही महिलाहरु अवसरका रुपमा सहभागी हुने अवसर पाउने गर्दछन् । समावेशी अवधारणाले अहिले पछिल्लो समय महिलालगायतका वर्गको सहभागिता बढन थालेको छ ।

तिवारीले कानुनअनुसार नागरिकता नपाएर समस्यामा परेकाहरुलाई साथ दिएर उनीहरुलाई नागरिकता दिलाउने, विदेशमा अलपत्र परेका नेपालीहरुलाई स्वदेश फिर्ता गराउन, लैङ्गिक हिंसा तथा बलात्कार, दुर्व्यहारमा परेका महिला तथा किशोरीलाई न्याय दिलाउन भूमिका खेल्दै आउनुभएको छ ।

विसं २०३१ भदौ २४ गते बाँके जिल्ला नरैनापर क्षेत्रको भगवानपुरमा जन्मिनुभएकी लक्ष्मी तिवारीका पिता वरिष्ठ अधिवक्ता इन्द्रजित तिवारी नेपालगञ्जका प्रतिष्ठित अधिवक्ता हुनुहुन्छ भने उहाँका दाई अधिवक्ता विश्वजित तिवारी पनि कानून र अधिकारका क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आउनुभएको छ । इन्द्रजित र तारा तिवारीका पाँच छोरी र एक छोरामध्येकी तिवारी दोस्रो सन्तान हुनुहुन्छ । उहाँको समयमा मधेसी समाजमा छोरीलाई पढाउने चलन बिरलै थियो । त्यस्तो अवस्थामा पनि लक्ष्मी तिवरीले पढ्ने अवसर पाउनुभयो । महेन्द्र माविबाट एसएसली पास गर्नुभएकी लक्ष्मीले भारतबाट समाजशास्त्रमा स्नातकोत्तर शिक्षा हासिल गर्नुभएको छ । उहाँका श्रीमान् रवीन्द्र पनि सूचना अभियन्ताकैरुपमा कार्य गर्दै आउनुभएको छ ।

उहाँ एमनेष्टी इन्टरनेशनलको ग्रुप ६२ को सभापति हुँदै केन्द्रीय सदस्य समेत रहेर काम गर्नुभयो । फातिमा फाउण्डेसन र बाँके युनेस्कोको संस्थापक सदस्यसमेत रहनुभएकी तिवारी आफूलाई बाँकेको समाजलाई राम्ररी बुझेको व्यक्तिका रुपमा अर्थ्याउनुहुन्छ । उहाँमा सानैदेखि नै गरिब तथा दुःखीहरुप्रति सेवाभाव रहेको पाइन्छ । त्यही सेवाभावबाट प्रेरित भएर उहाँले सरकारी प्रक्रियाका कारण समस्यामा परेका र विदेशमा अलपत्र परेका नेपालीलाई सहयोग गर्ने गर्नुका साथै आफूमा चुनौती स्वीकार गर्ने आदत परेको छ ।रासस

# एनएमबीमा उच्चतम ब्याज दर

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा बचत प्रोत्सहान गर्ने उदेश्यका साथ एनएमबी बैंकले उच्चतम ब्याज दिन सुरु गरेको छ । बैंकले 'अपन एनएमबि बचत खाता' अन्तरगत ९.१३३ प्रतिशत उच्चतम ब्याज दर प्रदान गर्न लागेको हो ।

उच्चतम ब्याज दर प्रदान गर्नुका साथै बैंकले ग्राहकहरुलाई निःशुल्क डेबिट, क्रेडिट, डलर कार्ड, निःशुल्क डिम्याट, मेरोसेर, आस्बा सेवा लगायत अन्य थुप्रै आकर्षक सुविधाहरु पनि प्रदान गर्नेछ । एनएमबी बैंक विगत २६ वर्ष देखी अनवरत रुपमा बैंकिङ्ग सेवा सुविधा प्रदान गर्दै आएको नेपाल राष्ट्र बैंकबाट "क"वर्गको इजाजत पत्र प्राप्त एक अग्रणी वित्तीय संस्था हो ।

बैंकले द फाइनान्सियल टाईम्स, लण्डनको 'द ब्यान्कर' पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंकको उपाधी 'बैंक अफ दिइयर नेपाल' प्राप्तगरि सकेकको छ । एनएमबी बैंकले हाल देशभरी २०१ शाखाहरु र १३८ एटिएमहरु सञ्चालनमा छन् ।

सम्मानित भएको बैंक हो ।

एनएमबी बैंकले २०१७, २०१८, २०२० र २०२१ लागी पनि उक्त पत्रिकाद्वारा चार पटक नेपालकै उत्कृष्ट बैंकको उपाधी 'बैंक अफ दिइयर नेपाल' प्राप्तगरि सकेकको छ ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : पारिवाहिक सुख । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कूम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

सप्तरीको राजविराज नगरपालिका वडा नं ३ मा रहेको वैष्णवी काली मन्दिर र पृष्ठभूमिमा कल्टुपोखरी । तस्बिर : रासस

# बजार नहुँदा बिक्री भएनन् नर्सरीका बिरुवा

लहान । सिरहाको लहान नगरपालिका-१९ कटहाका सत्यनारायण महतो विगत १७ वर्षदेखि नर्सरी फार्ममा बिरुवा उत्पादन गरिरहनुभएको छ ।

एक बिघा क्षेत्रफलमा नर्सरी सञ्चालन गर्दै आउनुभएका उहाँ अब यसलाई बढाएर १५ कट्ठा पुऱ्याउने योजनामा हुनुहुन्छ । तर नर्सरीमा भएका बिरुवा समयमै बिक्री नहुँदा भने उहाँ चिन्तामा हुनुहुन्छ ।

बिना कुनै तालिम लामो समयदेखि नर्सरीमै व्यस्त रहेको उहाँको परिवारले यतिबेला नयाँ प्रविधि भित्र्याएर उन्नत जातका बिरुवा उत्पादन गरिरहेको छ तर बजारमा बिरुवाको माग बढ्न नसक्दा आम्दानी सङ्कुचित हुँदै गएको उहाँको भनाइ छ ।

"आम्दानी नराम्रो होइन, अहिले पनि वार्षिक २० लाखको कारोबार गर्छौं", उहाँले भन्नुभयो, "यद्यपि समयमै विरुवा बिक्री हुन सक्यो भने थप पाँच लाखको कारोबार गर्न सक्ने ठाउँ छ ।" नर्सरीमा उत्पादन भएका विरुवा समयमै बिक्री नहुँदा नर्सरीमै विरुवा सुक्ने गरेको सत्यनारायणका छोरा नरेशको भनाइ छ । "नर्सरीमा तयार भएका विरुवा बजार अभावका कारण समयमै बिक्री हुन नसक्दा बिरुवा बिक्री हुन सकेका छैनन्", उहाँले भन्नुभयो, "बिरुवाले समयमै बजार नपाउँदा लगानी घाटामा जाने गरेको छ ।"

महतोले नर्सरी बिस्तारका लागि सरकारसँग अनुदानका लागि आग्रह गरे पनि हालसम्म कुनै सरकारी अनुदान प्राप्त नभएको गुनासो गर्नुभयो । "अहिलेसम्म पाँच पटकसम्म अनुदानका लागि आग्रह गरिसकेको छु", उहाँले भन्नुभयो, "प्रत्येक पटक खाली हात लाग्छ, अहिले त अनुदान नमाग्ने निर्णयमा पुगेको छु ।"

महतोको नर्सरीमा विभिन्न २२ प्रजातिका ८० हजारभन्दा बढी आँपको विरुवा छन् । जसमा मुख्य प्रजातिमा मालदह, बम्बै, कलकत्तिया, दसहरी, अमरपालिलगायत आँपका विरुवा छन् । साथै लिचीमा साही, मझफफुर, सरलेश, चानिजका बिरुवा छन् ।

महतोका अनुसार नर्सरीमा कटहर, जामुन, अनार, धुपी, नरिवल, अम्बा, बैर, तेजपात, निम्बु, बेल, अमला, निम, सुपारी, अशोक, सफेद, महगनी, टिक, गमहार, बाँस, रक्तचन्दन, सल्ला, पपिता, केला, मरिच, अङ्गुर तथा घर, अफिस, बगैंचाका लागि उपयुक्त फूल पनि उत्पादन हुँदै आएका छन् ।रासस

# थारु सङ्ग्रहालय बन्ने

महोत्तरी । आफ्नो रितिथिति र परम्परा झल्कने सङ्ग्रहालय आफ्नै क्षेत्रमा बन्ने कुराले महोत्तरीका आदिवासी थारु अहिले दङ्ग छन् । आइतबार जिल्लाको भङ्गाहा नगरपालिका-७ मेघरोल पुग्नुभएका सङ्घीय सरकारका सहरी विकासमन्त्री मेटमणि चौधरीले सो ठाउँमा थारु सङ्ग्रहालय बनाउने घोषणा गर्नुभएपछि उक्त समुदायमा खुसी छाएको हो ।

"अब हाम्रो आफ्नै ठाउँमा थारु जातिका वेषभूषा, रितिथिति, खाद्य परिकार र रहनसहनसमेत झल्कने सङ्ग्रहालय बन्ने घोषणा भएको छ", स्थानीय नेकपा (एमाले) भङ्गाहा नगर कमिटी अध्यक्ष चन्द्रनारायण सिंह थारुले भन्नुभयो, "सङ्ग्रहालय बनेपछि थारु संस्कृति र परम्पराको संरक्षण र सम्वर्द्धनमा सहयोग पुग्नेछ ।"

उक्त नगरपालिका थारु बाहुल्य भएको क्षेत्र मानिन्छ । जम्मा नौ वडा रहेको नगरपालिकाका सबै वडामा थारुको बसोबास छ । सबै वडामा धेरथोर थारुको बसोबास भए पनि भङ्गाहा, धर्मपुर, थारुटोल बनरा, बखरी, मदनपट्टी, पर्सा, करुणा, मझौलिया, मेघरोल, गोरहन्ना, रामनगर र भीमगढ थारु बसोबासका मुख्य बस्ती मानिन्छन् । साविकका भङ्गाहा, धर्मपुर, सिङ्ग्याही, हतिसर्वा, मेघनाथ गोरहन्ना र हरिहरपुर हरिनमरी गाविस क्षेत्र समेटेर भङ्गाहा नगरपालिका घोषणा गरिएको हो । जिल्लामा भङ्गाहाका अतिरिक्त गौशाला नगरपालिका क्षेत्रका रजखोर बिर्ता, निगौल र बिसरपुरसहित बस्तीमा थारु जातिको बसोबास रहँदै आएको छ ।

यी ठाउँका आदिबासी भएर पनि स्थानीय जाति र समुदायको उत्थान तथा पहिचानका लागि खासै काम हुन नसकेका बेला हालै (महोत्तरी-२) कै प्रतिनिधिसभा सदस्य शरत्सिंह भण्डारीसहित मेघरोल पुग्नुभएका मन्त्री चौधरीले सङ्ग्रहालय निर्माणको काम तत्काल थालिने बताउनुभएपछि आफूहरु हौसिएको भङ्गाहा-६ मदनपट्टी निवासी राजनारायण राय थारुले बताउनुभयो ।

सङ्ग्रहालय निर्माणका लागि प्रथम चरणमा गुरुयोजनाको काम थालिने र गुरुयोजना सम्पन्न भए पछि सङ्ग्रहालय निर्माणको काम थालिने जनाइएको छ । आठ बिघा क्षेत्रफलमा पोखरी, मनोरम बाटिकासहित निर्माण हुने सङ्ग्रहालयमा थारु संस्कृति र परम्पराका आधारभूत सबै कुरा राखिनेछन् । यसले थारु समुदायको मात्र नभई जिल्लाकै शाख वृद्धिमा योगदान दिने नगरपालिकाकी उपप्रमुख शान्तिसिंह थारुको भनाइ थियो ।

आमरुपमा सरल व्यवहारका अत्यन्त मिलनसार मानिने थारु जाति इमान्दार र मेहनेती हुन्छन् । आफ्नै समुन्नत कला, संस्कृति र परम्पराको सङ्ग्रहालय बन्ने कुराले थारु जातिको इतिहास जगेर्ना हुने नगरप्रमुख सञ्जिवकुमार साहले बताउनुभयो । "सङ्ग्रहालय हामी सबैका लागि गौरवको कुरा बन्नेछ"उहाँले भन्नुभयो ।

यसअघि मदनपट्टी वेलफेयर सोसाइटीका अध्यक्ष सुदीपकुमार चौधरी थारुले सङ्ग्रहालय निर्माणका लागि मन्त्री चौधरीलाई स्मरणपत्र बुझाउनुभएको थियो । सङ्ग्रहालयमा थारु संस्कृति झल्किने सामग्रीको प्रदर्शनीसँगै थारु खानाका परिकार उपलब्ध हुनेछन् । यसै क्षेत्रभित्र कृत्रिम ताल पनि निर्माण गरिने बताइएको छ ।

विभिन्न पर्व र उत्सव पनि मनाउने योजना रहेको उक्त सङ्ग्रहालय निर्माण भएपछि सो क्षेत्र नयाँ सांस्कृतिक तथा पर्यटकीय गन्तव्यसमेत बन्ने महोत्तरीवासीको अपेक्षा छ ।सङ्ग्रहालय निर्माणका लागि अनुमानित रु छ करोड खर्च हुने बताइएको छ ।रासस

# धनुषामा ६६ प्रतिशतभन्दा बढी करदाता सम्पर्कमै आउँदैनन्

जनकपुरधाम । धनुषामा सरकारी कार्यालयको नियमित सम्पर्कमा नआउने करदाताको सङ्ख्या ६६ प्रतिशतभन्दा बढी रहेको पाइएको छ ।

आन्तरिक राजस्व कार्यालय जनकपुरधाम धनुषाका अनुसार करको दायरामा आएकामध्ये ६६ प्रतिशतभन्दा बढी करदाता न समयमा कर विवरण दाखिला गर्छन् न त कार्यालयको सम्पर्कमा आउँछन् । कार्यालयका प्रमुख कर अधिकृत किशोर बर्तौलाले कूल करदातामध्ये ६६ प्रतिशतभन्दा बढीले नियमितरुपमा कर दाखिला नगर्ने गरेको पुष्टि गर्नुभयो । "यहाँ दर्ता भएकामध्ये ६६ प्रतिशतभन्दा बढी करदाताले तोकिएको समयमा कर विवरण दाखिला गरिरहेका छैनन्", उहाँले भन्नुभयो, "यस तथ्याङ्कले हामी चिन्तित छौं । नियमितरुपमा कर विवरण तथा कर रकम दाखिला गराउन पहल भइरहेको छ ।"

प्रमुख कर अधिकृत बर्तौला आफ्नो क्षेत्रभित्र रहेका व्यावसायी तथा व्यावसायिक सङ्गठनका प्रतिनिधिसँग छलफल गरेर समस्याको पहिचान र त्यसको समाधानका लागि आफूहरू प्रयासरत रहेको जानकारी दिनुहुन्छ । करदाता शिक्षामार्फत सचेतना अभिवृद्धि र कानुनअनुसार कारबाहीको प्रक्रिया सँगसँगै अगाडि बढाइरहेको उहाँले बताउनुभयो । "पहिलो चरणमा मोबाइलमा कर विवरण दाखिलाका लागि सन्देश पठाउने र दोस्रो चरणमा हरेक करदातालाई चिठी पठाउने काम गर्छौं", उहाँले भन्नुभयो, "यसरी पनि सम्पर्कमा नआए अन्तिम विकल्पको रुपमा सम्पत्ति, बैंक खाता रोक्का र आवश्यक रकम असुलउपरका लागि कानुनी बाटो अवलम्बन गर्छौं ।"

नेपाल उद्योग वाणिज्य सङ्घ धनुषाका अध्यक्ष जितेन्द्रकुमार महासेठले कर शिक्षाको अभावमा धेरै व्यवसायीले समस्या भोगिरहेको बताउनुभयो । सरकारी कार्यालयले स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्र जारी गर्दा नै कर शिक्षा दिएर सचेत गराउनुपर्ने महासेठको भनाइ छ । "जुन प्रयोजनका लागि करको दायरामा आएको हो, त्यही बेला भविष्यमा लापर्वाही गर्दा हुने क्षतिका विषयमा जानकारी दिन जरुरी छ", अध्यक्ष महासेठले भन्नुभयो, "असावधानी वा अनभिज्ञता जाहेर गरेर करबाट मुक्ति पाइँदैन । अहिले नतिरे पनि भविष्यमा सम्पत्ति बेचेर साखासन्तानबाट समेत कर असुली हुन्छ भनिदिनुपऱ्यो नि !"

व्यवसाय दर्ता गर्ने तर कुनै कारणले कारोबारै नगर्ने, व्यवसाय बन्द नगरेरै विदेशिने वा अन्य काममा लाग्ने कारणले अहिलेको समस्या आइरहेको भन्नुहुँदै महासेठले व्यावसायिक सङ्गठन र सरकार मिलेर यो समस्या समाधान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल उद्योग परिसङ्घ धनुषाका अध्यक्ष विजय साहले करदातामैत्री वातावरण नभएकाले समस्या थप विकराल बन्दै गएको बताउनुभयो । कर तिर्न अभिप्रेरित गर्ने भन्दा निरुत्साहित गर्ने खालको वातावरण रहिर हेसम्म यो समस्या पनि थप बढ्दै जाने उहाँको भनाइ छ । "कर तिर्न लालायित गर्ने वातावरण छैन, कर नतिर्दा हुने जोखिमको विषयमा पनि प्रयाप्त जानकारी छैन । त्यसै कारण बर्सेनि यो समस्या बढ्दै छ", साहको भनाइ थियो, "सरकारले कर असुल्ने नियत मात्रै राख्नुभएन ।" उहाँले व्यावसायिक सङ्गठन पनि यस विषयमा गम्भीरताका साथ अगाडि बढ्न जरुरी रहेको बताउनुभयो ।

करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र विवरण पेस गर्नुपर्ने कानुनी प्रावधान छ । यसो नगर्दा तोकिएको राजस्व लक्ष्य पूरा गर्न पनि समस्या हुने र बक्यौता बढ्दै जाने धनुषाका प्रमुख कर अधिकृत बर्तौलाले बताउनुभयो । उहाँले राजस्व नउठेर तत्काल राज्यलाई समस्या भए पनि दीर्घकालमा करदातामाथि नै दायित्व थपिँदै गई जायजेथा बेचेर असुल गरिने सरकारी नीति रहेकाले करदाता सेवा कार्यालयमा आई वा अनलाइनमार्फत समयमै कर बुझाउन सबैलाई आग्रह गर्नुभयो ।

जिल्लामा हाल ३४ हजार चारसय ६३ आयकरदाता छन् । त्यसमध्ये सात हजार चारसय ७७ मूल्य अभिवृद्धि कर र एक हजार चारसय ३५ अन्तःशुल्कमा दर्ता भएका आयकरदाता रहेका छन् । यहाँ व्यक्तिगत स्थायी लेखा नम्बर लिनेको सङ्ख्या ७१ हजार एकसय ९८ छ । आर्थिक वर्ष २०७७/७८ मा कर विवरण नबुझाउनेको सङ्ख्या १३ हजार पाँचसय २७ रहेकोमा २०७८/०७९ मा त्यो सङ्ख्या बढेर २४ हजार चारसय तीन पुगेको आन्तरिक राजस्व कार्यालय जनकपुरधाम धनुषाको तथ्याङ्क छ । चालु आर्थिक वर्षमा पनि मूल्य अभिवृद्धि करदातामध्येकै चार हजार नौ सय ९८ फर्म सम्पर्कमा नआएको कार्यालयले जनाएको छ ।रासस

# तीन महिनादेखि बन्द सहकारी खुल्न थाले

काठमाण्डु । तीन महिनादेखि बचतकर्ताको पैसा फिर्ता नगरी बन्द गरिएको सहकारी खुल्न थालेको छ । गोकर्णेश्वर नगरपालिका-५ मा रहेको मञ्जुश्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड साउन २५ गतेदेखि बन्द रहेको थियो ।

बन्द भएदेखि बचतकर्तालाई पैसा फिर्ता गर्ने म्यादसम्बन्धी सूचना प्रकाशन गर्ने भने पनि कार्यान्वयन भएको थिएन । सहकारीका अध्यक्ष इन्द्र लामाले सहकारीको कार्यालय अब नियमित खोलेर कारोबार गरिने प्रतिबद्धता जनाउनु भएको छ । सहकारीको काम गर्न जिम्मेवारी दिएका कर्मचारी जिम्मेवारी नलिई हिँडेपछि समस्या आएको बताउँदै उहाँले नयाँ कर्मचारी नियुक्त गरेर काम थालिएको सुनाउनुभयो । बचतकर्ता सबैको साँवा, ब्याजसहित फिर्ता गरिने सहकारीको प्रतिबद्धता छ ।

सहकारीले बचत फिर्ता गर्न छोडेको सात महिना पूरा भए पनि कार्यालय खोलेर कारोबारसहित बचत फिर्ता गर्ने प्रतिबद्धता जनाएपछि खुसी लागेको बचतकर्ता उमेश खतिवडाले राससलाई जानकारी दिनुभयो ।

सकारात्मक सोच लिएर कार्यालय खोलेपछि हामीले पनि सहयोग गर्न थालेको बचतकर्ताको भनाइ छ । पटक-पटक दिएको समयसीमामा पनि सहकारीले बचत फिर्ता गरेको छैन । दसैँपछिदेखि त कार्यालय नै खुल्न छोडेकामा गत हप्तादेखि कार्यालय खुल्न थालेपछि बचत फिर्ता हुने आशा पलाएको खतिवडाले सुनाउनुभयो । सहकारीमा लाखौं रुपैयाँ जम्मा गरे पनि आवश्यक पर्दा पाउन नसकेकेको भन्दै बचतकर्ताले गुनासो गर्दै आएका छन् ।

सहकारीले करिब रु ११ करोड बचत फिर्ता गर्नुपर्ने छ । बजारमा रु सात करोड ऋण लगानी रहेको अध्यक्ष लामाले बताउनुभयो । रु पाँच करोडको घर सहकारीका नाममा छ । शेयर सदस्यको शुल्क रु एक करोड गरी रु १३ करोडको पुँजी रहेको पनि उहाँको भनाइ छ । आगामी पुस ९ गते सहकारीले आफ्नै भवनमा साधारणसभा बोलाएको छ ।

सहकारीमा लामा २०७५ सालदेखि अध्यक्ष हुनुहुन्छ । त्यसअघि साम्देन लामाले सहकारीको अध्यक्ष भएर काम गर्नुभएको थियो । साम्देन लामाले विसं २०६३ मा सहकारी स्थापना भएदेखि २०७५ सालसम्म सहकारीको अध्यक्ष चलाउनुभएको हो ।

सहकारीको अहिले रहेको करिब रु सात करोड ऋणमध्ये करिब ९० प्रतिशतभन्दा बढी साम्देन लामा अध्यक्ष भएका बेलामा लगेको अभिलेख सहकारीमा रहेको उपाध्यक्ष विजय तामाङले राससलाई जानकारी दिनुभयो ।

धेरै ऋणीका घरमा ऋण उठाउन जाँदा साम्देन लामासँग ऋण लिएको हो, उहाँसँग कुरा मिलाइसकेको छु भन्छन्, पूर्व अध्यक्ष साम्देन लामा कार्यालयमा आउँछु, सबै मिलाउँछु भन्नुहुन्छ, तर आउनु हुन्न, अब साधारणसभामा यो विषय पनि लैजान्छौं', उहाँले भन्नुभयो ।

सहकारीको ऋण उठ्न छोडेपछि सञ्चालक एकले अर्कोलाई दोष देखाउन थालेका थिए । केही पदाधिकारी एवं सदस्यले भने राजीनामा दिइसकेको बताउँदै अब आफ्नो कुनै जिम्मेवारी नरहेको भन्दै पन्छने गर्न थालेको बचतकर्ताको गुनासो छ । सहकारीबाट राजीनामा दिइसकेको बताउनुहुने पूर्व सचिव अमरनाथ घिमिरे स्थापना कालदेखि नै अध्यक्षमुखी भएर सञ्चालन गरेका कारण यस्तो अवस्था आएको बताउनुहुन्छ । सहकारी सबै सञ्चालक एवं शेयर सदस्यको सहकार्यमा चल्नुपर्ने हो, अरु सदस्यले पनि अध्यक्षको मात्र संस्थाजस्तो गर्ने र अध्यक्षले पनि व्यक्तिगत कम्पनीजस्तो गरी चलाउने गर्दा धेरै सहकारीमा समस्या आउने गरेको देखिन्छ, यसरी सञ्चालन गर्ने सहकारीको सिद्धान्त नै होइन', उहाँले भन्नुभयो ।

सहकारीमा १४ वर्षदेखि खाता खोलेर बचत गर्दै आउनुभएका जोरपाटी माकालबारीमा फर्निचर सञ्चालन गर्नुहुने पन्नालाल ठाकुर आठ महिनादेखि सहकारीबाट बचत फिर्ता पाउन नसकिएको गुनासो गर्नुहुन्छ । करिब रु पाँच लाख सहकारीमा बचत गर्नुभएका ठाकुर दिनमा एक पटक सहकारी धाउने गरेपनि पछिल्लो समय खुल्न छोडेको कार्यालय खुलेसँगै डुबेको पैसा पाइने आशा जागेको बताउनुहुन्छ ।

**अन्य चार सहकारीका सञ्चालक अझै बेपत्ता**

काठमाडौंमहानगरपालिका-६ बौद्धमा कार्यालय रहेको सुमो बचत तथा ऋण सहकारी संस्था, गोकर्णेश्वर-६ मा कार्यालय रहेको मुक्ति बचत तथा ऋण सहकारी संस्था, गोकर्णेश्वर-५ मै कार्यालय रहेको स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड र कागेश्वरी मनोहरा नगरापालिका-८ शिवचोकमा कार्यालय रहेको कागेश्वरी बचत तथा ऋण सहकारीले बचतकर्ताको बचत फिर्ता गर्न नसकी कार्यालय बन्द गरेको जनाइएको छ ।

स्वर्णलक्ष्मी सहकारीले त बोर्ड पनि हटाएको प्रहरी बिट जोरपाटीले जनाएको छ । गोकर्णेश्वर-६ मा रहेको मुक्ति सहकारी संस्थाका बचतकर्ताले संस्थाका पदाधिकारी र सञ्चालकलाई वडा कार्यालयमै लगेर पैसा फिर्ता गर्ने सहमति गराएका छन् । सहमति गराउन वडाध्यक्ष नवराज लामाले पनि सहयोग गर्नुभएको बचतकर्ताले जनाएका छन् । तर वडाध्यक्ष लामाले भने मञ्जुश्री सहकारीबाट लिएको ऋण १० वर्ष पूरा हुँदा पनि नतिरेको भनी नाम सार्वजनिक भएको छ ।रासस

# जाडो बढेसँगै इन्फ्लुएन्जाको जोखिम

काठमाण्डु । जाडोयामसँगै इन्फ्लुएन्जा (फ्लु)सङ्क्रमण जोखिम बढेको छ । जाडोमा सक्रिय हुने इन्फ्लुएन्जा भाइरस बच्चादेखि युवा र वृद्धवृद्धामा इन्फ्लुएन्जाको सङ्क्रमण हुँने गर्दछ ।

दीर्घरोगी, गर्भवती, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई इन्फ्लुएन्जाको सङ्क्रमण बढी हुने गर्दछ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका इन्फ्लुएन्जाका फोकलपर्सन डा मिलन ब्रजाचार्यले रोगप्रतिरोधात्मक क्षमता कम भएकालाई सङ्क्रमणको जोखिम बढी हुने गरेको बताउनुहुन्छ ।

"दीर्घरोगी बिरामीलाई इन्फ्लुएन्जाले फोक्सोमा असर गरेर निमोनिया जस्ता समस्या आउन सक्छन्," उहाँले भन्नुभयो,"यस्ता बिरामीलाई सघन उपचार कक्ष (आइसियु)मा राखेर उपचार गर्नुपर्दछ ।"

नेपालमा इन्फ्लुएन्जा 'ए' पुष्टि भइसकेको छ । कात्तिकदेखि फागुनसम्म इन्फ्लुएन्जा भाइरसको सङ्क्रमण हुने भएकोले सतर्कता अपनाउनुपर्ने उहाँ बताउनुहुन्छ । डा बज्राचार्यले हप्तामा सात-आठ स्वाब सङ्कलन गरेर नमुना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउने गरेको बताउनुभयो ।

इन्फ्लुएन्जा सङ्क्रमणका बिरामीमा ज्वरो आउनु, खोकी लाग्नु र घाँटी दुख्नु, टाउको दुख्नु, नाक बन्द हुनु वा सिगान बग्नु, जिउ र मांसपेशी दुख्नु, थकान महसुस जस्ता लक्षण देखा पर्दछन् । इन्फ्लुएन्जा भएका सबैलाई ज्वरो नआउन पनि सक्छ ।

यसबाट बच्न बिरामी भएकमा व्यक्तिसँग भौतिक दूरी राख्ने, खोक्दा वा हाच्छिउ गर्दा आफ्नो मुख र नाक छोप्ने, सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने, शारीरिक रुप्मा सक्रिय हुने र प्रशस्त्र तरल पदार्थ र पौष्टिक खाना खाने, बेलाबेलामा साबुनपानीले हात हुने र आफ्नो आँखा, नाक वा मुख नछुने गर्नुपर्दछ ।रासस

**श्री मिथिला माध्यमिक विद्यालय, कचुरी**
**मिथिला बिहारी न.पा.-८, धनुषा**

**आवश्यकता**

यस मिथिला माध्यमिक विद्यालयका लागि करारमा नि.मा.वि.तह गणित विषयका लागि १ जना शिक्षक आवश्यक भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

विद्यालय सहयोगी १ जना आवश्यक भएकोले योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**आवेदन दिने अन्तिम मिति**:- २०७९/०९/१७ गते

विस्तृत जानकारीका लागि तलको मोबाइल नम्बरमा सम्पर्क गर्न अथवा विद्यालयको सुचनापाटीमा हेर्न सकिनेछ ।

**सम्पर्क मोबाइल नं.**

९८०१६७१६०१/९८१८८३३१४०/९८१७८४४७७०/९८२३३२८६४०

**रामविलास यादव**
**प्रधानाध्यापक**

**जनकपुरधाम उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जनकपुरधाम, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**उमेरको हद सच्याईएको सूचना**

मिति २०७९/०८/२९ गते प्रकाशित विज्ञापन अनुसार विज्ञापन नम्बर ०८/२०७९/०८० नगर प्रहरी पदको उमेर हद १८ वर्ष देखि २२ वर्ष भएकोमा अब उप्रान्त १८ वर्ष देखि २५ वर्ष ननाघेको, विज्ञापन नम्बर १५ रोजगार संयोजक पदको उमेर हद १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको तथा विज्ञापन नम्बर १९ रोजगार सहायक पदको उमेर हद १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको संशोधन गरिएको व्यहोरा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कीर्तेमा महन्थ पक्राउ

नेपालमा रहेका मठमन्दिरहरु मध्ये सबै भन्दा बढी महत्वपूर्ण मानिएको महोत्तरी जिल्लाको मटिहानीस्थित लक्ष्मीनारायण मठका निलम्बित मानमहन्थ जगरनाथ दास वैष्णवलाई प्रहरीले कीर्ते जालसाजी मुद्दामा पक्राउ गरेको छ ।महन्थ दासले रुपन्देही जिल्लामा रहेको मठको जग्गा अवैधरुपमा बिक्री गरेका थिए ।सो जग्गा अन्य मठको रहेकाले त्यसमा मुद्दा चलेको थियो ।बैंकमा रोक्का रहेको ७० लाख बढी रुपैया महन्थ दासले सहायक प्रमुख जिल्ला अधिकारीको कीर्ते दस्तखत गरी फुकुवा गरेका थिए ।सो रकम एकै दिन जनकपुरधामका श्रवण यादवको खातामा पठाइएको थियो ।अनुसन्धानको क्रममा महन्थ दासले नै कीर्ते गरी सो रुपैया ट्रान्सफर गरेको पुष्टि भएपछि उनलाई रुपन्देही प्रहरीको आग्रहमा जिल्ला प्रहरी कार्यालय महोत्तरीले पक्राउ गरी पठाएको छ ।महन्थ दासले अवैध ढंगले मटिहानी स्थानको जग्गा बेचबिखन गरी सम्पत्ती हिनामिना गरेको आरोपमा निलम्बनमा परेका थिए ।मटिहानी स्थानको महन्थ गुठी संस्थानले नियुक्त गर्ने र सो महन्थ नै मटिहानी स्थान गुठीका प्रमुख समेत हुने प्रावधान रहेको छ ।महन्थ दासलाई गुठी संस्थानले निलम्बन गरिसके पनि सो स्थानमा उनी नै महन्थको रुपमा बस्दै आएका थिए ।निलम्बनमा परेपछि दासले पुरानै मितिबाट कयौं बिघा जग्गा बेचेको आरोप लागेको छ ।जनकपुरधाम उपमहानगरपालिमा रहेको लाखौं रुपैया धुर पर्ने जग्गा समेत उनले बेचेको आरोप छ ।मटिहानी स्थान निकट स्रोतहरुका अनुसार महन्थ दासले स्थानको जग्गा बिक्री गरी भारतको विभिन्न बैंकहरुमा रकम जम्मा गर्दै आएका छन् ।उनले जम्मा गरेको रकमबारे कसैलाई कुनै जानकारी रहेको छैन् ।मटिहानी स्थानको अवस्था जीर्ण छ ।तर महन्थले करोडौ रुपैया भारतको बैंकहरुमा लुकाएको आरोप छ ।जग्गा विवादकै कारण उनका आफ्नै भतिजा लाल झाको हत्या समेत भएको थियो ।लाल झा शिक्षामा अधिकृत थिए ।मटिहानी स्थानको जग्गा देशको संघीय राजधानी काठमाण्डु समेत कयौं जिल्लाहरुमा छन् ।तर महन्थ दासले अधिकांश जग्गाहरु बिक्री गरिसकेको आरोप छ ।पुरानो मितिको कागज बनाइ उनी पछिल्लो समयमा समेत जग्गा बन्दोबस्त गर्दै आएका थिए ।प्रहरीले उनलाई पक्राउ गरी थप अनुसन्धान थालिएको जनाएको छ ।भारतमा लुकाइएको रकमबारे समेत प्रहरीले सोधखोज गर्नु आवश्यक छ ।उनको उमेर समेत बढी हुन लागेको र विभिन्न रोगहरुबाट समेत ग्रस्त रहेकाले प्रहरीले भारत अथवा नेपालमै लुकाएर राखेको सम्पत्तीको खोजतलाश गर्नु आवश्यक छ ।मठको जग्गा बिक्री गरेर थुपारेको सम्पत्ती बाहेक सम्पत्ती आर्जन गर्ने उनको अन्य कुनै स्रोत रहेको छैन् ।कीर्ते जालसाजी गरेकै अभियोगमा अन्य एकजना महन्थ पनि फरार छन् ।सर्वोच्च अदालतले उनलाई जेल सजाय नै गरेपछि मठ छाडेर लुकीछिपी बसिरहेका छन् ।मठमन्दिरहरुको अवस्था जीर्ण भइरहेको बेला महन्थहरुले गरिरहेको अनैतिक कार्य रोक्नुपर्छ ।

## जनताको मन जित्ने हो भने संसदीय खुलापन

# लोकतन्त्रको हितमा संसद् र सांसदले सुरुमा के गर्ने ?

तारानाथ दाहाल

नेपालमा संसदीय अभ्यास सुरु भएको सात दशक भएपनि यसले अझै संस्थागत रूप लिन सकेको छैन। अनेक प्रकारका राजनीतिक उतार चढाव, प्रयोग र अस्थिरताका कारण संसद् सङ्गठित र प्रभावकारी हुन सकेको छैन। यो निकायको नागरिक अनुगमनले पनि संस्थागत स्वरुप पाएको छैन। तसर्थ नागरिकसमक्ष संसदीय सूचनाको पहुँच बढाउन, संसदीय प्रक्रियामा सहभागिताका लागि नागरिकको क्षमता अभिवृद्धि गर्न तथा संसदीय उत्तरदायित्वको सुदृढीकरण गर्ने सन्दर्भमा ठोस काम हुन सकेको छैन।

संसदीय खुलापनलाई बढावा दिन सके खुलापनले नागरिकको राजनीतिक सहभागितालाई व्यापक बनाउन सक्थ्यो। प्रतिनिधिमूलक निकायहरूलाई अझ जिम्मेवार बनाउन तथा अन्ततः एक समुन्नत लोकतान्त्रिक समाज निर्माणलाई सुनिश्चित गर्न सजिलो छैन तर नगरी भएको छैन । संसद् सदस्यहरू, संसदीय दलहरू, संसद्का कर्मचारी, राजनीतिक क्षेत्र, पत्रकारिता क्षेत्र, संसदीय निगरानीको क्षेत्रमा कार्यरत संघ संस्था तथा अन्य सरोकारवालाले नसोच्ने हो भने संसदीय प्रणालीलाई कसैले पनि जोगाउन सक्नेछैन।

संसदीय खुलापन बढाउन सके नागरिकलाई संसद्को काम कारवाहीप्रति सुसूचित गर्न सहयोग पुग्छ, नागरिकलाई विधायिकी प्रक्रियामा सहभागी हुनका साथै संसद् सदस्यहरूलाई सोधखोज गरेर जिम्मेवार बनाउने नागरिक तयार पार्न तथा नागरिक हितको प्रतिनिधित्व गर्न समेत सुनिश्चित वातावरण तयार गर्छ।

शासनमा नागरिकको सहभागिताका लागि संसदीय सूचनाको पहुँच सरल हुनुपर्छ। अनलाइन माध्यमबाट संसदीय खुलापनाका लागि एक सबल आधार खडा गर्न सकिन्छ। डिजिटल युगले संसदीय सूचनाको सार्वजनिक उपयोगको सन्दर्भ तथा सुशासनका लागि नागरिक चाहना बदलिएको छ। बढ्दो प्रविधिले साझा ज्ञानको सिर्जना गर्ने तथा प्रतिनिधिमूलक लोकतन्त्रको सूचित गर्ने जस्ता अहम् प्रतिज्ञाको साथ साथै संसदीय सूचनाको पुनप्रयोग तथा विश्लेषणलाई पनि सशक्त बनाएको छ।

संसदीय खुलापनका लागि निम्नलिखित सिद्धान्त अवलम्बन गर्न पर्छ। संसद्को पहिलो कार्यकालका हाम्रा अनुभव त्यति सकारात्मक छैनन्। अब सुरु हुन लागेको संसद्ले सुरुमा नै यसमा ध्यानदिनु आवश्यक छ।

**१. संसदीय सूचनामा सार्वजनिक स्वामित्वको स्वीकार्यता**

संसदीय सूचनाहरू सार्वजनिक सम्पत्ति हुन्। नागरिकलाई त्यस्ता सूचनाको पूर्ण वा आंशिक रुपमा पुनः प्रयोग तथा प्रकाशन गर्नको लागि अनुमति दिइनु पर्दछ। यो सिद्धान्तको कुनै अपवाद वा बन्देज कानुनद्वारा स्पष्ट रुपमा परिभाषित हुनु पर्छ।

२. कानुनद्वारा खुलापन संस्कृतिको प्रवर्द्धन

कानुन तथा आन्तरिक कार्यविधिका नियमहरू र आचार संहिता बनाउनु संसद्को काम हो, जसले सरकारी तथा संसदीय सूचनामा नागरिक अधिकारको प्रत्याभूति, खुला सरकारको संस्कृति प्रवर्द्धन, राजनीतिक वित्तको पारदर्शितामा बढावा, अभिव्यक्ति स्वतन्त्रता एवं सङ्गठित हुने स्वतन्त्रताको संरक्षण, नागरिक तथा नागरिक समाजको विधायिकी प्रक्रियामा सहभागिताको सुनिश्चितताका लागि सहज वातावरण निर्माण गर्न योगदान दिनेछ।

**३. निगरानी मार्फत खुलापन संस्कृतिको संरक्षण**

संसद्ले आफ्नो निगरानी भूमिका निर्वाह गर्दै खुलापन सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नेछ साथै सरकारले पूर्ण पारदर्शी तवरले आफ्ना कामकारवाही सञ्चालन गर्ने तथा सरकारले समेत खुलापन संस्कृतिको प्रवर्द्धन गर्ने कार्यको प्रत्याभूति गर्नेछ।

**४. नागरिक शिक्षाको प्रवर्द्धन**

संसद्को नियम तथा कार्यविधि, संसद्को काम र संसद् तथा यसका सदस्यहरूको भूमिकाबारे जनमानसमा खासगरी युवाहरूमा जानकारी प्रबर्द्धन गरी नागरिक शिक्षाको सक्रिय संवर्द्धनको जिम्मेवारी संसद्सँग रहको छ ।

**५. नागरिक तथा नागरिक समाजको संलग्नता**

संसदीय गतिविधि तथा निर्णय प्रकृयामा नागरिक तथा नागरिक समाजलाई बिना भेदभाव सक्रिय रुपमा संलग्न गराउने जिम्मेवारी संसद्को हो। यस प्रक्रियाले नागरिक चाहनाहरूलाई प्रभावकारी रुपमा प्रतिनिधित्व गर्छ तथा सरकारसमक्ष गुनासो राख्न पाउने नागरिकको अधिकारलाई शसक्त बनाउँछ।

**६. स्वतन्त्र नागरिक समाजको संरक्षण**

नागरिक संघ संस्थाहरू बिना कुनै रोकटोक, स्वतन्त्रतापूर्वक सञ्चालन हुन सक्ने वातावरणको प्रत्याभूतिका उपायहरू प्रोत्साहन गर्नु संसद्को जिम्मेवारी हो।

**७. प्रभावकारी संसदीय अनुगमनको सबलीकरण**

संसद्ले नागरिक समाज, सञ्चारमाध्यम तथा सर्वसाधारणको संसद् तथा संसद् सदस्यहरूको अनुगमन गर्ने अधिकार तथा दायित्वको सम्मान गर्नेछ। संसदीय सूचनाको पहुँचमा रहेका अवरोधहरूलाई कम गर्दै, प्रभावकारी अनुगमनलाई प्रोत्साहन गर्नका लागि, संसदीय अनुगमनमा संलग्न नागरिक संगठन तथा सर्वसाधारणसँग गरिने विचार विमर्शमा संसद्को सहभागिता हुनेछ ।

**८. असल अभ्यासको आदानप्रदान**

अन्य सांसदहरू तथा नागरिक समाज संस्थाहरूसँग अन्तर्राष्ट्रिय एवं क्षेत्रीय रुपमा असल अभ्यासहरूको आदानप्रदान गर्ने कार्यमा संसद् सक्रियतापूर्वक सहभागी हुनुपर्छ। यस क्रियाकलापले संसदीय सूचनाको खुलापन तथा पारदर्शितामा बढावा दिनेछ, सूचना एवं सञ्चार प्रविधिको उपयोगमा सुधार ल्याउनेछ तथा लोकतान्त्रिक सिद्धान्तहरूको अनुसरण गर्न बल मिल्नेछ ।

**९. कानूनी उपचारको प्रत्याभूति**

सरकारी वा संसदीय सूचनामा नागरिकको पहुँच विवादित हुन पुगेमा नागरिकलाई कानुनी वा न्यायिक उपचारको प्रभावकारी ब्यवस्थाको सुनिश्चितता गर्ने गरी संसद्ले कानुन बनाउनु पर्छ ।

**१०. सूचनाको पूर्णसंप्रेषण**

केही अपवाद बाहेकसम्पूर्ण संसदीय गतिविधि झल्किने गरी तथा सम्भव भएसम्म पूर्णरुपमा संसदीय सूचना सार्वजनिक रुपमा उपलब्ध हुनुपर्छ। यस्ता सूचना वास्तविक समयमानै उपलब्ध गराईने र यदि यसो गर्न असंभव भएमा आन्तरिक रुपमा उपलब्ध हुनासाथ संसदीय सूचनाहरू यथाशक्य सार्वजनिक रुपमा संप्रेषण गरिने ब्यबस्था हुनुपर्छ ।

**११. सही सूचनाको प्रत्याभूति**

संसद्ले आधिकारिक अभिलेखहरूको भण्डारण प्रक्रियाको सुनिश्चितता गर्ने र संसद्द्वारा नागरिकमा जारी गरिने यस्ता सूचना सही छन् भन्ने कुराको प्रत्याभूति दिइनुपर्छ ।

**१२. संसदीय पारदर्शिताको नीति अंगीकार**

संसद्ले त्यस्ता नीतिहरूको अवलम्बन गर्नेछ, जसले संसदीय सूचनाका साथै त्यस्ता सूचना प्रकाशित गरिने स्वरुप सम्बन्धी नीतिहरूले सक्रिय रुपमा सार्वजनिक गर्ने कुराको सुनिश्चितता गर्दछ। संसदीय पारदर्शितासम्बन्धी नीतिहरूलाई सर्वसुलभ बनाइनेछ र प्रविधिगत विकास तथा नवीनतम असल अभ्यासहरूबाट लाभ लिनका लागि उक्त नीतिहरूको आवधिक समीक्षाका शर्तहरू निर्धारण गर्नेछ। संसद्सँग तत्कालका लागि विस्तृत रुपमा संसदीय सूचना प्रकाशित गर्ने क्षमता नहुन सक्दछ, यस्तो अवस्थामा संसदीय सूचनामा बृहत्तर जनताको पहुँच सुनिश्चित गर्नका लागि संसद्ले नागरिक समाजसँग सहकार्य गर्नेछ।

**१३. संसद्को भूमिका तथा कामका बारेमा सूचना उपलब्ध गराउने**

संसद्ले आफ्नो तथा मातहतका समितिको भूमिका, संरचना, कामकारवाही, आन्तरिक नियमहरू, प्रशासकीय प्रकृयाहरू तथा कार्यप्रवाहका बारेमा सूचनाहरू सार्वजनिक गर्ने।

संसद्ले नागरिकको जानकारीका लागि आफ्ना सदस्यहरूको परिचय, दलगत आवद्धता, चुनावी जनादेश, संसद्मा खेलेको भूमिका, हाजिरी, निजी कर्मचारीहरूको परिचय र निज सदस्यले चाहेका अन्य कुनै पनि आफू तथा आफ्नो परिचयसम्बन्धित सूचनाहरू अद्यावधिक गरी उपलब्ध गराउने। संसद् सदस्यहरूको संसदीय तथा निर्वाचन क्षेत्रस्तरीय कार्यालयहरूको सम्पर्क ठेगाना समेत सार्वजनिक गरिने व्यवस्था पनि हुनुपर्छ ।

**१४. संसदीय कर्मचारी तथा प्रशासन बारे सूचना उपलब्ध गराउने**

संसद्ले संसदीय गतिविधि तथा प्रक्रियाहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रशासकीय कार्यपद्धति तथा संसदीय कर्मचारीको संरचनाबारे सूचना उपलब्ध गराउनेछ। नागरिकलाई सूचना प्रवाह गर्ने जिम्मेवारी भएका कर्मचारीको सम्पर्क ठेगाना समेत सार्वजनिक रुपमा उपलब्ध गराउनु पर्दछ।

**१५. संसदीय एजेण्डाबारे नागरिकलाई सूचित गर्ने**

नागरिकहरूलाई संसदीय गतिविधिहरूको कार्यतालिका साथै संसद् बैठक सत्रको तिथिमिति, निर्धारित मतदानसँग सम्बन्धित सूचनाहरू, संसदीय कामकारवाहीको क्रम तालिका तथा समितिसमक्ष हुने सुनुवाईहरूको तालिकासँग सम्बन्धित दस्तावेज उपलब्ध गराइनेछ। अत्यावश्यकीय कानून निर्माण गर्नु पर्ने जस्ता विशेष अवस्थाहरूमा बाहेक संसद्ले नागरिक तथा नागरिक समाजलाई संसद्मा विचाराधीन रहेका विषयहरूमा संसद् सदस्यहरू समक्ष आफ्ना विचार राख्न दिन पर्याप्त रुपमा अग्रिम जानकारी दिनेछ ।

**१६. विधेयकमा नागरिक संलग्नता**

विधेयक संसद्मा दर्ता भएपश्चात प्रकाशन गरी सार्वजानिक गरिन्छ तर यसबारे आम नागरिक बेखबर रहन्छन्। संसद्मा विचाराधिन रहेका विषयहरूबारे नागरिक पूर्णरुपमा सूचित हुनुपर्ने तथा आफ्ना राय व्यक्त गर्न पाउनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै संसद्ले प्रस्तावित कानूनका सम्बन्धमा नीतिगत छलफलका लागि पहल गर्नेछ, यसले विधेयकको पृष्ठभूमि तथा प्रारम्भिक विश्लेषण बारे जनताको बुझाईलाई थप परिस्कृत गर्नेछ ।

**१७. समितिका कारवाहीका अभिलेख प्रकाशन**

समितिले तयार पारेका र समितिमा आएका प्रतिवेदन लगायतका दस्तावेजहरू, सार्वजनिक सुनुवाईका क्रममा साक्षीहरूका बयान, प्रतिलिपीहरू तथा समितिका कारवाहीका अभिलेखहरूलाई तुरुन्तै सार्वजनिक गरिनेछ ।

**१८. संसदीय मतहरूको अभिलेखीकरण**

आफ्ना मतदाताको मतदान व्यवहारप्रति संसद् सदस्यहरूको जवाफदेहीता सुनिश्चित गर्नका लागि संसद्ले अधिकांश अवस्थामा पूर्ण बैठकमा ध्वनी मतदानको प्रयोगलाई कम गरी उपस्थित मतदान वा विद्युतीय मतदानको प्रयोग गर्नेछ, जसबाट जनतालाई व्यक्तिविशेष सदस्यको पूर्ण बैठक तथा समितिहरूमा रहेको मतदान व्यवहारको अभिलेख उपलब्ध गराउन सकिन्छ। त्यसैगरी, संसद्ले प्रतिनिधिमार्फत गरिने मतदानलाई न्यूनिकरण गर्नेछ साथै पारदर्शिता एवं लोकतान्त्रिक जवाफदेहिताका मान्यताहरूलाई अवमूल्यन नगरिने कुराको सुनिश्चितता गर्नेछ।

संसद्ले यसका पूर्ण बैठकको कारवाहीका अभिलेखहरू सहज रुपमा उपलब्ध हुने गरी तयार पार्ने, व्यवस्थित गर्ने तथा प्रकाशन गर्ने गर्नुपर्छ। संसद्का कारवाहीका अभिले खलाई प्राथमिकताका साथ श्रव्य अथवा दृश्य स्वरुपमा निर्माण गरी त्यसको लिखित प्रतिलिपि वा दुरुस्त उतारगरी स्थायी तवरले अनलाइनमा राख्ने।

**१९. प्रतिवेदनहरूको प्रकाशन**

संसद्द्वारा तयार पारिएका वा संसद्, यसका कार्यालयहरू वा समितिहरूसमक्ष पेश गर्न लगाईएका वा पेश गर्नुपर्ने सम्पूर्ण प्रतिवेदनहरू कानूनद्वारा स्पष्ट रुपमा परिभाषित गरि एका अवस्थाहरूमा बाहेक सार्वजनिक गरिनेछन् ।

**२०. बजेट तथा खर्च बारेका सूचना**

राष्ट्रिय बजेट तथा सार्वजनिक व्ययहरूका साथै पछिल्ला, चालु एवं अनुमानित आय तथा व्ययहरूको व्यापक, विस्तृत तथा सरल जानकारी सार्वजनिक गर्नु संसद्को जिम्मे वारी हो। त्यसैगरी, संसद्को आफ्नो बजेटका साथै बजेट कार्यान्वयन, बोलपत्र तथा करारहरू प्रकाशित गर्नुपर्ने जिम्मेवारी रहेको हुन्छ। सिलसिलेवार वर्गीकरणका साथै सरल भाषामा संक्षेपीकरण गरी, ब्याख्या अथवा प्रतिवेदनहरूका माध्यमबाट नागरि कको जानकारी प्रबर्द्धन गर्नका लागि बजेट सूचना सम्पूर्णतामा सार्वजनिक गरिनेछ ।

**२१. सदस्यहरूको सम्पत्ति सार्वजनिक गर्ने तथा उनीहरूको सदाचारिता सुनिश्चित गर्ने**

व्यक्तिविशेष संसद् सदस्यहरूको सदाचारिता र इमान्दारिताका सम्बन्धमा नागरिकलाई सुसूचित मूल्यांकन तथा निर्णय गर्ने अवसर प्रदान गर्नका लागि संसद्ले सदस्यहरूबारे पर्याप्त सूचना उपलब्ध गराउनु पर्नेछ। यसैगरी संसद्ले सदस्यहरूको सम्पत्तिको सार्वजनिक गर्ने, उनीहरूको संसदीय व्ययहरू तथा गैरसंसदीय आयहरू जस्तैः- ब्याज, लाभांश, पट्टा-भुक्तानी वा अन्य खास प्रकारको लाभ आदिका बारेमा पर्याप्त सूचना नागरिकको जानकारीका लागि सार्वजनिक गर्नेछ ।

**२२. अनैतिक आचरण तथा सम्भावित स्वार्थको द्वन्द्व बारे सूचना सार्वजनिक गर्ने**

संसद्ले वास्तविक वा सम्भावित स्वार्थहरूबीचको द्वन्द तथा नैतिक आचरणको उल्लंघनबाट सुरक्षित रहन तथा सदस्यहरूको पैरवीकर्ता तथा दबाव समूहहरूसँगको अर्न्तक्रियाहरूसम्बन्धी सार्न्दभिक सूचना सार्वजनिक गर्ने कुरा सुनिश्चित गर्न स्पष्टरुपमा परिभाषित नियमहरू निर्माण गर्नेछ। संसद्ले अनैतिक कार्य, स्वार्थका द्वन्दहरू वा भ्रष्टाचार आरोपहरूका सम्बन्धमा भएका कुनैपनि न्यायिक अथवा संसदीय अनुसन्धानका अन्तिम निष्कर्षहरू बारेका सूचना सार्वजनिक गर्नेछ।

**२३. ऐतिहासिक सूचनामा पहुँच दिने**

संसद्का अधिल्ला सत्रहरूका सूचनालाई अंकीकरण (डीजीटाईज्ड) गरी नागरिकलाई चीरकालसम्म विना कुनै कानूनी अड्चन वा निःशुल्क रुपमा पुनः प्रयोगका लागि उपलब्ध गराईनै। संसद्ले आफ्नो सूचना अंकीकरण गरी सार्वजनिक गर्न नसके को अवस्थामा संसदीय सूचनालाई विना कुनै अवरोध प्रवाह गर्ने कार्यमा सहजीकरण गर्नका लागि बाह्य संस्थाहरूसँग मिली कार्य गर्नेछ। संसद्ले संसद्को ऐतिहासिक सूचना नागरिक तथा संसद् सदस्यहरूले हेर्न सक्ने गरी संसदीय पुस्तकालयमा सार्वजनिक पहुँच बढाउनु पदर्छ।

संसदीय व्यवस्थाले जनताको मन जित्ने हो भने खुलापनमा जानुको विकल्प छैन, अन्यथा यो प्रणाली पनि जनआक्रोसको शिकार बन्नेछ। बाँकी दायित्व नवनिर्वाचित माननीयहरूकै छ । श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# लोकतंत्र-उत्कृष्ट शासन प्रणाली र अभ्यास

नागेश्वर मंडल
धबौली, धनुषा

लोकतंत्र-प्रजातंत्र, जनता वा जनताद्धारा चुनिएका प्रतिनिधिका हातमा शासन सत्ता र नीति निर्धारण गर्ने अधिकार हुने एक किसिमको शासन प्रणाली हो । लोकतंत्र जनमतको सवैभन्दा उत्कृष्ट सिद्धान्त र अभ्यास हो । लोकतंत्र निश्चित विधि र पद्धति को आधारमा संचालन हुने शासन प्रणाली,सामाजिक दर्शन र वैयक्तिक जीवनद्दष्टि हो । प्रजातंत्र मझ्ञयअचबअथ शब्द ग्रिक भाषाको मझ्ञयक (जनता) र पचबतयक ( शासन ) बाट भएको हो । ई.पू. ५०७ मा ग्रीसको एथेन्स सहर वाट कलोइन्थस ९ ऋयिष्कतजभलभक० नामक व्यक्ति द्धारा मझ्ञयअचबअथ को अवधारणा आएको हो । सोही समयावधिको सेरोफेरोमा इटलीमा रोमवासी जनताको शासनको जग 'रिपब्लिक' बसाले- लैटिनभाषामा - रेस- गतिविधि, ' पब्लिक-जनता,जनताको आफनो प्रणाली-गणतंत्र । लोकतंत्रका सबैभन्दा निर्णायक 'लोक' अर्थात् जनता हुन् । विद्धान अरस्तुले धेरै ( वहुमत ) को शासनलाई प्रजातंत्र भने । अमेरिकी राष्ट्रपति अब्राहम लिंकनको एक सम्बोधनमा दिएको विचार ' त्यो सरकार,जुन जनताको होस् ,जनताद्धारा होस् र जनताका लागि होस्, यस दुनियाँमा कहिल्यै समाप्त हुने छैन' , विश्व समुदायको लागि प्रेरणादायी रहे । काफी अन्नानले -लोकतंत्र अन्ततः नागरिक समाजको एक उपज हो सर्जक होइन र अर्मत्स सेनले राजनीतिक तथा आर्थिक शक्ति माथि जनताको नियन्त्रणलाई 'लोकतंत्र' भनेका हुन् । थोमस जोर्फसनले लोकतंत्रलाई जीवन, स्वतन्त्रता र सुखको खोजको संज्ञा दिएका छन् । डायन न्यायिकेले लोकतंत्र एक जीवन पद्धति र सँगै काम गर्ने प्रकृया हो, यो विकासवादी हुन्छ, त्यसका लागि सवै नागरिकको सहयोग, सम्झौता र सहिष्णुता आवश्यक पर्दछ र राजनीतिशास्त्री सिलेले-लोकतंत्र त्यस्तो राजनीतिक व्यवस्था हो जसमा सवैको हिस्सा रहन्छ भनेका छन् । लोकतंत्र मानिसको जीवनमा आत्मसात गरिने नैतिक द्दष्टिकोण हो र व्यावहारिक शैली हो, जहाँ एकले अर्कोका विचारहरुको पनि हाथेमालो गरी सम्भव गर्दछ । लोकका सांस्कृतिक मूल्य र मान्यताको सहज गतिशिलता,सामाजिक जीवनमा सम्मानपूर्वक जिउन सकने वातावरण, आर्थिक वन्दोवस्तीको सर्वसुलभता र उपभोग गर्न पाउने सुनिश्चितता नै लोकतंत्र हो । जनताको सार्वभौम सत्ताको अभ्यास चिरस्थायी र निरन्तर गतिशिल बनाउने एकमात्र राजनीतिक यात्रा लोकतान्त्रिक व्यवस्था हो र यसको बिशालता नै अल्पमतलाई साथ लिएर जानु हो र निरोध स्वरुपलाई सहमतिको कोठामा बसाउनु हो । लोकतान्त्रिक शासन व्यवस्थाका तीन खम्वा- कार्यपालिका,व्यवृस्थापिका र न्यायपालिका आपसमा मिलेर अघि बढन जनताको हितमा हुन्छ । लोकतंत्रले नागरिकको मौलिक अधिकारलाई केन्द्र विन्दुमा राख्दछ, जसलाई आधारभूत मानव अधिकार भनिन्छ, यस अन्तर्गत वाक र अभिव्यक्ति स्वतन्त्रता, धर्म र विवेकको ्स्वतन्त्रता, संगठित हुने स्वतन्त्रता,समानकानूनी संरक्षणको स्वतन्त्रता, बहुलवाद र वहुविचारको स्वतन्त्रता आदि पर्दछ , साथै यसको सैद्धान्तिक आधार भनेको स्वस्थ जन्मन पाउने देखि जीवनरेखाको अधिकार, आर्थिक तथा सामाजिक रुपमा सामाजिक न्याय र समतामूलक समाजको अधिकार, हिलडुल गर्न पाउने अधिकार, कानूनी उपचार, जातीय विभेद र नस्लवादी सोचको अन्त्य , शोषण र यातनाबाट-मुक्ति आदि छन् । लोकतंत्रमा पद्धति, प्रकिया,प्रवृति,विचार र आधारका अन्तर सम्बन्ध महत्वपूर्ण हुन्छन, जसरी प्राण र चेतना नभएको शरीर सड़ेर माटो हुन्छ, त्यस्तै गरी चेतना र विचार नभएको व्यक्ति, समूह, दलको अवसान हुन जान्छ । लोकतंत्रको सामाजिक उपज हो- शान्ति, आर्थिक, सामाजिक र सांस्कृतिक विकास, मानव अधिकारको सकारात्मक परिणाम ,सर्व हिताय, सत्यता,समानता, खुशी पाउने लालसा, देशभक्ति आदि । लोकतंत्र र भोक परस्पर विरोधी संज्ञा हुन, लोकतंत्रमा भोक हुँदैन, भोक छ भन्ने लोकतंत्र रहँदैन । लोकतंत्र मानव मस्तिष्कको ठूलो आविष्कार हो,स्वतन्त्रताको श्रोत थलो मानिसको दिमाग हो, यसमा हिँसाको स्थान हुँदैन, मतभेद हुनु स्वभाविक प्रकृया हो र मतभेदको घँषर्णले निस्कने परिणाम समाजलाई अग्रगमन तर्फ डोऱ्याउछ तथा व्यक्ति,समाज र राष्ट्रका लागि सामर्थ , प्रस्फुटन र प्रकाशनको अन्तहीन ऊर्जा दिन्छ, साथै नैतिकता ( मोरालिटी ) र आचरण ( इथिकस) को अवधारणा केन्द्रित गर्दछ । लोकतंत्र नागरिकलाई प्यारो हुनुका कारणहरु हुन् -दमनकारी निरंकुश शासनको अन्त्य, आधारभूत अधिकारको व्यावहारिक रुपमा वहाली, वैयक्तिक स्वतन्त्रताको परिपालन,आत्मनिर्णयको अवसर,नैतिक तथा व्यैक्तिक स्वयत्तत्ताको मधुरमिलन,मानवीय विकास, समानता, शान्ति र समृद्धिको अवसर, विभेदकारी कानुन र मानवता विरोधी प्रचलनको अन्त्य, सरकारको तीनै खम्वाहरुको सकारात्मक रुपले जनतालाई स्वायत्त बनाउन समन्वयकारी भूमिका आदि ।

निर्वाचन- हाम्रो जीवनको मूल परिधि निर्माण गर्ने मूल तत्व नै निर्वाचन अर्थात हाम्रो छनौट हो । लोकतंत्रमा निर्वाचन सवभन्दा बढी ताकतवर राजनैतिक शक्ति हो र यो लोकतंत्रको मेरुदण्ड हो । भुँइ मान्छेको जीवनमा सार्थक वदलावको चाहना चुनावी प्रक्रिया चरित्रसँग अभिन्न रुपमा गाँसिएको हुन्छ । लोकतंत्रको फोक्सो निर्वाचन हो । लोकतान्त्रिक अभ्यासका लागी आवधिक रुपमा निर्वाचन सम्पन्न हुँदै जानु लोकतंत्रको सफलताको सूचक हो । ' एक व्यक्ति एक मत'को सिद्धान्त लोकतन्त्रमा निर्णायक मानिन्छ । स्वतन्त्रता र अधिकार स्थायित्वका लागि हरेक पीढीलाई लडनुपर्दछ , आवधिक निर्वाचनमा देखा परिने परिदृश्यलाई आत्मसात गर्नु पर्दछ,नत्र सबै उपलब्धिहरु गुम्दै जानेछ । मनुष्य आफना कर्मले नै ८४ योनिमा भड़किन विवश छ, अहिले हामीले भोगिरहेका जीवन हाम्रै जानी- अनजानी चुनावको परिणति हो, हर वखत हामी केही न केही चुनिरहेको हुन्छौ र सोही बमोजिम कर्म गरी रहेका हुन्छौं । लोकतंत्रको प्रारम्भमा सम्पति निर्वाचनमा मतदान गर्ने आधार थियो, पछि नागरिकता, वयस्क मताधिकार र प्रतिनिधिमूलक सरकार लोकतंत्रको आधारशिला बन्यो । २५०० वर्ष अघि संसारको पहिलो निर्वाचन प्राचीन ग्रिसको स्पार्टा शहरमा भएको थियो । सन् १८९३ मा महिलाहरुलाई मत हाल्न दिने अधिकार स्विटजरलैंड मा शुरु भयो,त्यसपछि सन् १९०२ मा अस्ट्रेलियामा, १९२० मा अमेरिकामा, १९२८ मा बेलायतमा, सन् १९४४ देखि फ्रान्समा महिलालाई मतदानको अधिकार प्राप्त भयो । नेपालमा २००४ साल जेठ २ मा प्रधानमन्त्री पद्म शम्शेर को पालामा काठमाडौं स्थानिय निकायको निर्वाचन भयो, २०१० साल भदौ १७ मा महिलाहरुले मतदान गर्न अधिकार पाये । वेल्जियम र अस्ट्रेलियामा निर्वाचनमा नागरिक मतदान अनिवार्य छ , अस्ट्रेलियामा निर्वाचनमा हाजिरी अनिवार्य छ, यो नागरिक कर्तव्य हो । स्विडिस निर्वाचन समानुपातिक प्रतिनिधित्व प्रणालीमा आधारित छ । नेपालमा साधारण बहुमत र समानुपातिक प्रणाली वीच मिश्रित निर्वाचन प्रणाली छ । नागरिक सक्रियताले लोकतंत्रको सम्वर्द्धन हुन्छ अन्यथा यो प्रणाली खतरामा पर्छ - उदाहरणस्वरुप जर्मनमा हिटलरको उदय, हंगरीमा प्रधानमंत्रीमा भिकटर ओवनी, टर्कीमा राष्ट्रपतिमा एड्रोगान तथा अमेरिकामा डोनाल्ड ट्रम्प निर्वाचित भये । नेपालमा धेरै विरोध र संघर्ष पछि १८ वर्ष भन्दा माथिका सबै मतदाता भएका छन् ।

लोकतंत्रको ईतिहास धेरै पुरानो हो, सभ्यताको विकासका साथै मानिसहरु सभ्यता, वैयक्तिक स्वतन्त्रता र अधिकारको लागि संघर्षरत रहे । 'समानि प्रायः सहवोन्न भाग :, गणेभ्यो गणपति नैश्च वोनमाः' -समानता र गणतंत्रको वैदिक कालदेखि कै उच्च अभ्यास हाम्रो रगतको कणकणमा वस्दै आएको छ । अथर्ववेदमा नेता जनताले चाहेको हुनुपर्छ र नेतृत्व पनि प्रजाप्रति उतरदायी रहन सक्नुपर्दछ तथा उपनिषदमा-द्धेषरहित सहकार्यको भाव राख्न सकने नै नेता हुन सक्छन् उल्लेख छन् । बेदकालीन समाजमा राज्यको नेतृत्व गर्नेलाई राजा भनिन्थियो र राजा जनताबाट छानिने गर्दथे । रामराज्यमा प्रजाको सहमतिलाई नै सर्वोपरी मानिन्थियो । कौटिल्य ( चाणकय ) ले भनेका छन् ) -'प्रजा को सुख नै राज्यको सुख हो । नेतृत्वमा सर्वजनहिताय अर्थात सवैको हित हुने मात्र भाव हुनुपर्दछ' । मिथिला र लिच्छवीकालीन वैशालीका गणतंत्र विश्वमा सफल लोकतान्त्रिक गणतंत्र थियो । २५८९ वर्ष अघि गौतम वुद्धले जनमतको स्वीकारोक्ति नयाँ सामाजिक,आर्थिक तथा राजनीतिक दर्शनको विकास गरे । २५२९ वर्ष अघि ग्रीसमा आम नागरिकको सहभागिता पूर्ण शासन प्रणालीको शुरुवातका आधार स्थापित भयो । संसारमा लोकतंत्र प्राप्तिमा साना र ठूलो संघर्ष हुँदै लोकतान्त्रिक प्रक्रियाका जग वस्दै गयो, उदाहरणस्वरुप-सन् १२१५ मा वेलायतमा राजा र जनतावीच कर उठाउने बारे द्धन्द( म्याग्नाकार्टा सम्झौता) र सन् १६८८ मा राजा र संसदको द्धन्द्ध भै निरंकुश शासनको अंत, सन् १७७६ मा अमेरिकी स्वतन्त्रता संग्राम, सन् १७८९ मा फ्रान्सेली राज्यक्रान्ति , सन् १९१७ मा रुसी अक्टोवर क्रान्ति,जर्मनीमा लोकतान्त्रिक संविधान निर्माण, वोलिभेरियन क्रान्ति , सन् १९४५-४६ देखि भारतको विदेशी शासनबाट मुक्ति र गणतंत्र स्थापना, सन् १९४८ मा संयुक्त राष्ट्र संघको मानवाधिकार घोषणा पत्र जारी, नेपालमा २००३ साल देखि सत्याग्रह, आन्दोलन, संघर्ष, जनक्रान्ति हुँदै लोकतान्त्रिक गणतंत्रको स्थापना आादि ।

लोकतंत्र अन्तर्गत विश्वमा विभिन्न शासकीय प्रणाली भएका मुलुकहरु छन् -जस्तै राष्ट्रपतीय -संसदीय प्रजातंत्र ( अमेरिका, फ्रान्स, दक्षिण कोरिया आदि ) , राष्ट्रपतीय विधायिकी प्रजातंत्र - फिलिपिन्स, ब्राजिल आदि ) राष्ट्रपतीय व्यवस्थापकीय प्रजातंत्र ( वूरून्डी आदि ), संसदीय प्रजातंत्र - भारत,जापान, संयुक्त अधिराज्य आदि ), धार्मिक सर्वोच्चता अन्तर्गत राष्ट्रपतीय संसदीय प्रणाली ( इरान आदि र अन्यान्य ।

महात्मा गांधीको जीवन पद्धति, वीपी कोइरालाका जनता मुक्तिका लागि संघर्ष,कृष्ण प्रसाद भट्टराईको त्याग,वलिदान र द्दढता,नेल्सन मन्डेलाको सत्य निष्ठा, ईमानदारी र विनम्र जीवन, रामनारायण मिश्रको प्रजातान्त्रिक चरित्र प्रति जीवन समर्पण, प्रदीपगिरी को सादगी, वैचारिक ज्ञानपुंज र लोकमत प्रति निष्ठा को साथै अन्य धेरै महान् व्यक्तित्वहरुको लोकतान्त्रिक चरित्रहरु आदर्श उदाहरण हुन् ।

# 'बटमलाइन' केही पनि छैन : प्रचण्ड

चितवन । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पार्टीले सरकारको नेतृत्व गर्ने कुनै पनि कुरालाई 'बटमलाइन' नभनेको बताउनुभएको छ। प्रेस सेन्टर नेपाल चितवनले सोमबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उहाँले सहमति र समझदारीबाट नै अघि बढ्ने पार्टीको कुरा रहेको बताउनुभयो।

अध्यक्ष दाहालले भन्नुभयो, "समझदारीबाट जिम्मेवारी आयो भने लिने हुन्छ । समझदारीबाट अरुनै हुन पनि सक्छ ।" गठबन्धनका बीचमा यसअघि लिखित औपचारिक रुपमा केही नभएको भन्दै उहाँले थप्नुभयो, "गठबन्धन गर्दा आलोपालो गर्ने कुरा भएको हो, अहिले पनि यो समझदारी छ ।" राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुख तत्काल टुङ्गाउनुपर्ने भन्दै उहाँले सबैलाई प्याकेजमानै टुङ्गो लगाउने समझदारी भएको बताउनुभयो।

गठबन्धनभित्रैबाट प्रधानमन्त्री बन्ने भन्दै उहाँले गठबन्धन बसेर त्यहींबाट टुङ्गो लाग्ने बताउनुभयो । आफूहरु गठबन्धनमा भएको भन्दै उहाँले गठबन्धन कायम रहने छ भन्नुभयो। उहाँले भन्नुभयो "मैले प्रधानमन्त्रीका निम्ति सबै चिज दाउमा लगाउने काम कहिल्यै पनि गरेको छैन।"

आफूले गठबन्धनबाट देशको नेतृत्व गर्ने अवसर पाए जिम्मेवारी लिने कुरा मात्रै गरेको बताउनुभयो। उहाँले भन्नुभयो "तपाईहरुले सुने जस्तो गठबन्धनभित्र कुनै कुरा भएको छैन।" निर्वाचनपछि सबै दलहरुका बीचमा छलफल भने भइरहेको उहाँले बताउनुभयो।

अध्यक्ष दाहालले आफैं प्रधानमन्त्रीको रेसमा कुद्ने काम नगरेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "जिम्मेवारी आयो भने लिने काम हुन्छ।" राष्ट्रपति गैर राजनीतिक व्यक्ति हुने स्थिति नभएको स्पष्ट पार्दै उहाँले गठबन्धनभित्र या राजनीतिक दलहरु कसैसँग पनि यो विषयमा छलफल गरेका छैनौं भन्नुभयो। त्यो अहिले सम्भव पनि नरहेको उहाँको भनाइ थियो।

नेकपा एमालेसहित अन्य दलहरुसँग सबैको कुराकानी भइरहेको भन्दै उहाँले नयाँ बनेका पार्टीसँग पनि छलफल भइरहेको बताउनुभयो। राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्षसँग दुई तीन पटक कुरा भएको भन्दै उहाँले सिके राउत र रेशम चौधरीसँग पनि भेट गरेको बताउनुभयो।

नेकपा एमालेसँग एकताका विषयमा बाहिर आएको जसरी कुरा नभएको अध्यक्ष दाहालले बताउनुभयो । उहाँले भन्नुभयो "औपचारीक र आधिकारिक रुपमा कुरा भएको छैन ।" सरकारले ल्याएको अध्यादेशको विषयमा उहाँले यसअघि भएका सम्झौता र सहमतिलाई सम्बोधन मात्र गरेको बताउनुभयो । नेपाल सरकारले विगत कालमा मधेश केन्द्रित दल, विप्लव नेतृत्वको नेकपा र थारु कल्याणकारी सभासँग भएको समझदारीलाई सम्बोधन मात्रै गरेको भन्दै यो सामान्य प्रक्रिया मात्रै भएको उहाँले बताउनुभयो।

विसं २०७४ को स्थानीय तहको निर्वाचन भन्दा पालिकामा माओवादीले बढी जितेको भन्दै अध्यक्ष दाहालले प्रदेशमा विगतकै हाराहारीमा रहेको बताउनुभयो । समानुपातिकमा केही घटेको तर नेकपा एमाले र नेपाली कांग्रेसको तुलनामा कम घटेको उहाँले बताउनुभयो। सङ्घमा अपेक्षा गरे भन्दा कम आएको भन्दै उहाँले यसको समीक्षासमेत भइरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "यो समीक्षाबाट पार्टीलाई अझ बलियो बनाउन अबसर आएको हामीले ठानेका छौं", उहाँले थप्नुभयो, "माओवादी केन्द्र एकदमै कमजोर भयो भन्ने भन्न खोजिएको छ। त्यो सत्य होइन।"रासस

# नगरलाई दिगो र हरित विकासको अवधारणाबाट अघि बढाउनुपर्ने खाँचो छ : प्रम देउवा

काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकका ठूला साना सबै नगरलाई दिगो र हरित विकासको अवधारणाबाट अघि बढाउनुपर्ने खाँचो औंल्याउनुभएको छ। नेपाल नगरपालिका सङ्घको आठौं राष्ट्रिय अधिवेशनको उद्घाटन समारोहमा सोमबार उहाँले अधिकांश नगरपालिका अव्यवस्थित सहरीकरणबाट गुज्रिरहेका उल्लेख गर्दै सो कुरा बताउनुभएको हो । प्रधानमन्त्री देउवाले यसले एकातिर नगरको प्राकृतिक सौन्दर्य र मौलिकतामा आघात पुगिरहेको र अर्कोतिर सहरहरू दिनानुदिन असुरक्षित र अस्वच्छ आवास क्षेत्रको रूपमा परिणत भइरहेको बताउनुभयो।

उहाँलेभन्नुभयो,"अबराजधानी सहर काठमाडौंदेखि मुलुकका ठूला साना सबै नगरलाई दिगो र हरित विकासको अवधारणाबाट अघि बढाउनुपर्ने खाँचो छ । साथै, सहरलाई आर्थिक विकासको केन्द्रको रूपमासमेत विकास गर्नुपर्ने खाँचो छ । यस कार्यमा सहयोगी भूमिका निर्वाह गर्न म नेपाल नगरपालिका सङ्घलाई आग्रह गर्न चाहन्छु।"

विसं २०५० मा सम्पूर्ण नगरपालिकाको प्रतिनिधिमूलक संस्थाको रूपमा स्थापित सङ्घले स्थापनाकालदेखि नगरपालिकालाई अधिकार सम्पन्न बनाउन र सशक्त जनप्रतिनिधिमूलक निकायको रूपमा विकास गर्न महत्वपूर्ण योगदान गर्दै आइरहेको छ।

सङ्घले नगरपालिकालाई पर्याप्त कानुनी अधिकार सुनिश्चित गर्नदेखि नगरपालिकाको व्यवस्थित विकास र क्षमता अभिवृद्धिका क्षेत्रमा समेत एउटा जीवन्त संस्थाकोरूपमा कार्य गर्दै आएको उहाँले उल्लेख गर्नुभयो।

प्रधानमन्त्री देउवाले मुलुकमा तीन तहको सङ्घीय शासन प्रणाली लागू भएसँगै संविधानले स्थानीय तह खासगरी नगरपालिकालाई विकास निर्माण र सेवा प्रवाहको क्षेत्रमा विभिन्न महत्वपूर्ण अधिकार र जिम्मेवारी प्रदान गरेको बताउनुभयो । "स्थानीय सरकार लोकतन्त्रको पहिलो पाठशाला र जनताको घरआँगनको सरकार भएकोले नगरपालिका तथा गाउँपालिकाले आफ्नो कामकारबाहीलाई समयको गतिसँगै थप चुस्त, पारदर्शी र सूचना प्रविधियुक्त बनाउँदै जिम्मेवारी बोधका साथ अघि बढ्न आवश्यक छ", उहाँले भन्नुभयो।

नागरिकको नजिकैको सरकार स्थानीय तह भएकाले नगरपालिका तथा गाउँपालिकासँग नागरिकको अपेक्षा धेरै हुनु स्वभाविक भएको बताउँदै प्रधानमन्त्री देउवाले जनताको अपेक्षा र आवश्यकतालाई उचित सम्बोधन हुने गरी स्थानीय स्रोत र साधनको समुचित परिचालन गर्दै स्थानीय जनप्रतिनिधिले जनताप्रतिको आफ्नो दायित्व र जवाफदेहितालाई कुशलतासाथ निर्वाह गर्नसक्नुपर्नेमा जोड दिनुभयो। यस क्रममा केन्द्र सरकारकोमात्रमुखनताकीस्थानीय तहमा उपलब्ध हुनसक्ने सम्भाव्य स्रोतको उचित परिचालन गरी नागरिकलाई कसरी छिटोछरितो र अधिकतम सुविधा दिन सकिन्छ भन्नेतर्फ स्थानीय सरकार केन्द्रित हुन आवश्यक रहेको उहाँको भनाइ थियो । प्रधानमन्त्री देउवाले स्थानीय सरकारले गरेका काम र प्रदान गरेको सेवा सुविधाको आधारमै जनताले सरकारप्रतिको समग्र धारणा निर्माण गर्ने हुँदा नगरपालिकाले जनताको विश्वास र मन जित्ने गरी काम गर्न आवश्यक रहेको बताउनुभयो । "जनताको काम छिटोछरितो ढङ्गले बिना मरमोलाहिजा सम्पन्न गरी आम नागरिकमा सुशासनको प्रत्याभूति गराउन सबै नगरपालिका प्रतिबद्ध हुन आवश्यक छ। यस कार्यमा नगरपालिका सङ्घले सहयोगी र उत्प्रेरकको भूमिका खेल्नुपर्दछ भन्ने मेरो विचार छ", उहाँले भन्नुभयो। मुलुकको आधुनिकीकरण र दिगो विकासका लागि सुव्यवस्थित नगर र नगर पूर्वाधार सेवा जस्तै योजनाबद्ध आवास, सुन्दर बाटोघाटो, स्वच्छ खानेपानी, ढल, पुलपुलेसा, खुला हरियाली क्षेत्र, सरसफाइ आदिको समुचित प्रबन्ध गर्न आवश्यक रहेकामा जोड दिँदै उहाँले एकीकृत तवरले पूर्वाधार संरचनालाई विकास गर्न आवश्यक छ भन्नुभयो।

प्रधानमन्त्री देउवाले सबै नगरपालिकालाई सहरमा जथाभावी निर्माण कार्य हुन नदिएर सुनियोजित र सुव्यवस्थित तरिकाले आ-आफ्नो मौलिक पहिचान र विशिष्टतासहित आफ्नो नगरपालिकालाई नमुना नगरपालिकाको रूपमा विकास गर्दै अघि बढ्न आग्रह गर्नुभयो। उहाँले सङ्घले संविधानले स्थानीय सरकारलाई दिएका अधिकारको कार्यान्वयन गर्न सक्षम तुल्याउन नमुना कानुन बनाउने, क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने तथा समग्र नगरका साझा चुनौतीलाई सङ्घीय र प्रदेश सरकार समक्ष उजागर गरी रचनात्मक समाधानको बाटो पहिल्याउन आगामी दिनमा थप सशक्त भूमिका निर्वाह गर्ने अपेक्षा व्यक्त गर्नुभयो।

सङ्घका अध्यक्ष अशोककुमार व्यञ्जु (श्रेष्ठ)को अध्यक्षतामा भएको कार्यक्रममा नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले संविधानमा भएका तीनै तहका सरकारका अधिकारका सुचीको स्पष्ट व्याख्या गरी कार्यान्वयन गर्न सके मात्र सङ्घीयता बलियो हुने र जनताको सेवा प्रवाहमा प्रभावकारिता हुने बताउनुभयो।

नेपाली कांग्रेसका नेता एवं प्रदेशसभा सदस्य सुरेन्द्र पाण्डेले संविधानमा उल्लेखित नागरिक अधिकार कार्यान्वयन गरी जनतालाई सेवा प्रदान गर्ने जिम्मेवारी मूलतः राजनीतिक दलको नै भएको उल्लेख गर्दै जनताले गर्ने अपेक्षालाई सम्बोधन गर्न स्थानीय तह गम्भीरतापूर्वक लाग्नुपर्ने बताउनुभयो।

तीन दिनसम्म चल्ने महाधिवेशनमा देशभरका नगरपालिकाका प्रतिनिधि सहभागी हुनुहुन्छ । कार्यक्रमको व्यावसायिक सत्रमा विभिन्न विषयका कार्यपत्र प्रस्तुत गरिनेछन्।रासस

# कांग्रेस संसदीय दलको नेताको निर्वाचन पुस ६ गते

काठमाण्डु । नेपाली कांग्रेस संसदीय दलको नेताको निर्वाचन यही पुस ६ गते हुने भएको छ।

कांग्रेस संसदीय दल निर्वाचन समितिले संसदीय दलको नेताको निर्वाचन यही पुस ६ गते हुनेगरी आज कार्यतालिका सार्वजनिक गरेको हो । निर्वाचन प्रयोजनार्थ गठित निर्वाचन समितिमा पार्टीका नेता भीष्मराज आङ्दम्बे संयोजक, पुष्पा भुसाल र प्रकाश रसाइली स्नेही सदस्य हुनुहुन्छ । तालिका अनुसार मतदाता नामावली प्रकाशन पुस ४ गते दिउँसो २ बजे, उम्मेदवारका लागि दर्खास्त पुस ५ गते दिउँसो २ बजेदेखि ३ बजेसम्म र उम्मेदवारको अन्तिम नामावली प्रकाशन पुस ५ गते अपराह्न ५:४५ बजेसम्म हुनेछ।

समितिले उम्मेदवारको दर्खास्त साथ दाखिल हुनुपर्ने शुल्क रु ५१ हजार तोकेको छ । मतदान पुस ६ गते बिहान ८ देखि १० बजेसम्म हुनेछ। मतदान गर्न आउँदा मतदाताले आफू निर्वाचित भएको प्रमाणपत्र साथमा लिई आउनुपर्ने समितिले जनाएको छ। कांग्रेस संसदीय दलको कार्यालय परिसर, सिंहदरबारमा मतदान हुने र लगत्तै मतगणना गरी परिणाम घोषणा गरिनेछ।रासस

# राष्ट्रपति जलपान समारोहमा सरिक

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन २०७९ सफलतापूर्वक सम्पन्न भएको अवसरमा निर्वाचन आयोगद्वारा आयोजित जलपान समारोहमा सरिक हुनुभयो।

कार्तिक पथ स्थित आयोग परिसरमा सोमबार आयोजित समारोहमा उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री शेरबहादुर देउवा, कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना सहभागी हुनुहुन्थ्यो।

पूर्वप्रधानमन्त्री, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष, विभिन्न राजनीतिक दलका प्रमुख, पूर्व उपराष्ट्रपति, मन्त्री, नवनिर्वाचित सांसद्, सवैधानिक निकायका प्रमुख, विभिन्न विश्वविद्यालयका उपकुलपति र विभिन्न प्रतिष्ठानका कुलपति, नेपाल सरकारका उच्च पदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि, उद्योगी, व्यापारी, कलाकार, पत्रकार तथा समाजका विभिन्न क्षेत्र तथा तह र तप्काका लब्धप्रतिष्ठित महानुभाव पनि समारोहमा उपस्थित हुनुहुन्थ्यो।

समारोहस्थलमा अतिथिहरुलाई प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया र अन्य आयुक्तले स्वागत तथा अभिवादन गर्नुभएको थियो। स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं मितव्ययी निर्वाचनको मूल नारासहित आयोगले ती दुवै तहको निर्वाचन सम्पन्न गरी गत मङ्सिर २९ गते राष्ट्रपतिसमक्ष निर्वाचनको प्रतिवेदन बुझाएको थियो।

उक्त निर्वाचनबाट करिब ३३ प्रतिशत महिलासहित प्रतिनिधिसभातर्फ दुई सय ७५ तथा प्रदेशसभा सदस्यतर्फ पाँच सय ५० नयाँ जनप्रतिनिधिको चयन भएको छ। आवधिक निर्वाचनलाई लोकतन्त्रको मेरुदण्ड मानिन्छ।रासस

# नयाँ राजनीतिक दल सङ्घीय संसद् सचिवालयको सम्पर्कमा आउन थाले

काठमाण्डु। प्रतिनिधिसभाको निर्वाचनमार्फत उदाएका नयाँ राजनीतिक दल सङ्घीय संसद् सचिवालयको सम्पर्कमा आउने क्रम सुरु भएको छ । सचिवालयका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत दलले सम्पर्क गरेका हुन् । आइतबार ती राजनीतिक दलले संसदीय प्रक्रियाका बारेमा जानकारी लिएका सङ्घीय संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले बताउनुभयो।

उहाँका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधि आएर संसदीय प्रक्रिया र आफूहरु रहने कार्यालयका बारेमा जानकारी लिएका हुन् । गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न भएपछि ती दलले आइबार सम्पर्क गरेका थिए् । उक्त निर्वाचनमा नेपाली कांग्रेस पहिलो दलका रुपमा स्थापित भएको छ । प्रत्यक्षमा कूल ५७ स्थानमा विजयी भएको उक्त दलले समानुपातिक निर्वाचन प्रणालीमा ३२ सिट पाएको छ । यस आधारमा कांग्रेस ८९ सिटसहित पहिलो बनेको हो ।

प्रत्यक्षमा ४४ स्थानमा विजयी भएको नेकपा(एमाले)ले समानुपातिकमा ३४ स्थान पाएको छ । यस आधारमा सो दलको कूल सिट सङ्ख्या ७८ भएको छ। तेस्रो स्थानमा रहेको नेकपा(माओवादी केन्द्र)ले प्रत्यक्षतर्फ १८ स्थानमा विजयी भएकामा समानुपातिकतर्फ १४ गरी कूल ३२ सिट पाएको छ।

पहिलो पटक संसदीय निर्वाचनमा भाग लिएको राष्ट्रिय वतन्त्र पार्टी प्रत्यक्षतर्फ सात स्थान र समानुपातिकतर्फ १३ सिट गरी कूल २० स्थानसहित चौथो स्थानमा रहेको छ । नेकपा(एकीकृत समाजवादी)ले प्रत्यक्षतर्फ कूल १० स्थानमा जित निकाले पनि समानुपातिकतर्फ निर्धारित मत सीमा पूरा गर्न नसक्दा कुनै पनि स्थान पाएन । कानुनअनुसार कूल सदर मतको तीन प्रतिशत बराबरको मत सीमा पूरा नगर्दा सो दलले समानुपातिकतर्फ कुनै पनि सिट नपाएको हो ।

राप्रपाले प्रत्यक्षतर्फ सात र समानुपातिकतर्फ सात गरी कूल १४ सिट पाएको छ । जनता समाजवादी पार्टीले प्रत्यक्षतर्फ सात र समानुपातिकतर्फ पाँच गरी कूल १२ सिट पाएको छ। संसदमा पहिलो पटक प्रवेश गर्न लागेको जनमत पार्टीले प्रत्यक्षतर्फ एक र समानुपातिकतर्फ पाँच गरी कूल छ सिट प्राप्त गरेको छ।

लोकतान्त्रिक समाजवादी पार्टीले चार स्थानमा आफूलाई सुरक्षित गरेको छ । नागरिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीले समान एक/एक स्थानमा जित निकालेका थिए । यस आधारमा १२ राजनीतिक दलको संसद्मा प्रतिनिधित्व रहने भएको छ। त्यस्तै पाँच स्थानमा स्वतन्त्र उम्मेदवार विजयी भएका थिए।

निर्वाचन आयोगले कूल दुई सय ७५ सदस्यीय प्रतिनिधिसभाको निर्वाचन परिणाम समेटिएको प्रतिवेदन राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष गत मङ्सिर २९ गते नै बुझाइसकेको छ। यस्तै यही पुस ३ गते आयोगले समानुपातिक निर्वाचन प्रणालीमार्फत विजयी भएका सांसदलाई प्रमाणपत्र वितरण गरेको थियो।

राष्ट्रपतिबाट सात दिनको समय दिएर नयाँ सरकार गठनका लागि आइतबार नै आह्वान भएकामा सङ्घीय संसद् सचिवालयले नवनिर्वाचित सांसदलाई पद तथा गोपनीयताको शपथ खुवाउने तयारीसमेत थालेको छ।रासस

# वाम लोकतान्त्रिक-गठबन्धनको नेतृत्वमा नयाँ सरकार गठन हुन्छ : अध्यक्ष नेपाल

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले वाम-लोकतान्त्रिक-गठबन्धनको नेतृत्वमा नयाँ सरकार गठन हुने बताउनुभएको छ।

पार्टीका तर्फबाट प्रतिनिधिसभा र प्रदेशसभामा नवनिर्वाचित सांसदलाई पार्टीद्वारा यहाँ सोमबार आयोजित स्वागत कार्यक्रममा अध्यक्ष नेपालले वामपन्थीको सहकार्य भएर सरकार बन्ने सम्भावना तत्काल नरहेको बताउँनुभयो । उहाँले गठबन्धनमा आबद्ध दलका नेता चयन भएपछि सरकार गठनको प्रक्रिया अगाडि बढ्ने बताउनुभयो।

कुनै पनि दलको बहुमत नरहेको अहिलेको अवस्थामा शक्ति सन्तुलनका आधारमा गठबन्धन अगाडि बढाउन आफूले नेपाली कांग्रेसका सभापति र माओवादी केन्द्रका अध्यक्षलाई सुझाएको उहाँको भनाइ थियो । पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले देश, जनता र समाजको रुपान्तरण गर्ने सङ्कल्पसहित नवनिर्वाचित जनप्रतिनिधिलाई भूमिका निर्वाह गर्न उहाँले निर्देशन दिनुभयो। नीति र कार्यक्रमका आधारमा सरकार बनाउनुपर्ने भन्दै उहाँले पार्टीका तर्फबाट निर्वाचित कुनै पनि तहका जनप्रतिनिधि भ्रष्टाचारमा संलग्न भएमा कारवाही गरिने प्रष्ट पार्नुभयो।

पार्टीका सम्मानित नेता झलनाथ खनालले मुलुकमा राजनीतिक उपलब्धिको रक्षा, राजनीतिक स्थायित्व र स्थिरताका लागि निर्माण भएको गठबन्धनले नै सरकार बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले पार्टीले अवलम्बन गरेका आदर्श अवलम्बन गर्दै जनाधिकार स्थापनाका लागि सडक सदनबाट पनि जनप्रतिनिधिले भूमिका खेल्नुपर्ने बताउनुभयो।

महासचिव डा बेदुराम भुसालले जनप्रतिनिधिलाई सफल कार्यकालको शुभकामना दिँदै देशभर सङ्गठन सुदृढीकरणका लागि राजनीतिक गतिविधि सञ्चालन गरिने जानकारी दिनुभयो । पार्टीको संसदीय दलको नेता चयनका लागि सोमबार बैठक बस्दैछ । सो बैठकपछि सचिवालय बैठक पनि बस्नेछ।रासस

# नेपाल र श्रीलङ्काबीच पारस्परिक सहयोग र सहकार्यमा जोड

काठमाण्डु । नेपाल र श्रीलङ्काबीच आपसी सहयोग र सद्भाव वृद्धि गरी द्विपक्षीय सम्बन्ध विस्तारमा ध्यान दिइनुपर्ने बताइएको छ।

नेपाल र श्रीलङ्काबीच कूटनीतिक सम्बन्ध कायम भएको ६५औं वर्षको उपलक्ष्यमा नेपालस्थित श्रीलङ्काली दूतावास र नेपाल विश्व सम्बन्ध परिषद्द्वारा सोमबार यहाँ आयोजित कार्यक्रममा वक्ताहरूले पारस्परिक सहयोग र सहकार्यका आधारमा सम्बन्ध विस्तार गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) र असंलग्न आन्दोलनका संस्थापक राष्ट्र नेपाल र श्रीलङ्काबीच पर्यटन, कृषि, शिक्षा, स्वास्थ, व्यापार, धार्मिक तथा सांस्कृतिक क्षेत्रमा सहयोग र सहकार्यको सम्भावना रहेकाले त्यसतर्फ ध्यान दिन कूटनीतिज्ञहरूले सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभयो।

कार्यक्रममा परराष्ट्रमन्त्री डा नारायण खड्काले धार्मिक तथा सांस्कृतिक दृष्टिले सुमधुर सम्बन्ध रहेको नेपाल र श्रीलङ्काबीचको सम्बन्धलाई आर्थिक तथा सामाजिक गतिविधिसँग जोड्दै जनताको जीवनस्तर सुधारमा ध्यान दिनुपर्ने समय आएको बताउनुभयो । नेपालको शिक्षा, स्वास्थ्य, पुनर्निर्माणलगायतका क्षेत्रमा श्रीलङ्काको महत्त्वपूर्ण सहयोग रहेको चर्चा गर्दै मन्त्री डा खड्काले आउँदा दिनमा दुई देशबीचको सहयोग र सहकार्यलाई जोड दिई जनताको जीवनस्तर सुधारमा ध्यान दिनुपर्ने खाँचो औंल्याउनुभयो।

नेपालका लागि श्रीलङ्काली राजदूत हिमाली सुभाशिनी अरुणातिलकाले अधिकांश जनता बौद्ध धर्मावलम्बी रहेको श्रीलङ्काको बुद्धको जन्मस्थल नेपालप्रति अगाध आस्था र विश्वास रहेको चर्चा गर्दै कूटनीतिका साथ आर्थिक सम्बन्ध विस्तारमा जोड दिई दुई देशका जनता लाभान्वित हुनसक्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

नेपाल विश्व सम्बन्ध परिषद्का अध्यक्ष हेमन्त खरेलले नेपाल र श्रीलङ्काबीचको सम्बन्धलाई सरकारका साथ जनस्तरमा समेत पुऱ्याउनुपर्नेमा जोड दिनुभयो।

पूर्वपरराष्ट्र सचिव एवं श्रीलङ्काका लागि पूर्वनेपाली राजदूत डा दुर्गाप्रसाद भट्टराईले सार्क मुलुकको सबैभन्दा सबल राष्ट्र श्रीलङ्कासँग व्यापार, जलविद्युत्, शिक्षा, स्वास्थ्य, पर्यटनलगायतका क्षेत्रमा सहकार्य गर्नसकिने सम्भावना रहेको धारणा व्यक्त गर्नुभयो।रासस

# प्रतिनिधिसभा सदस्यको शपथ बिहीबार हुने

काठमाण्डु । प्रतिनिधिसभामा नयाँ निर्वाचित सदस्यको शपथ यही पुस ७ गते बिहीबार हुने भएको छ । सङ्घीय संसद् सचिवालयका महासचिव डा भरतराज गौतमका अनुसार सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा यही पुस ७ गते बिहीबार दिनको १ बजे प्रतिनिधिसभा सदस्यको शपथ ग्रहण हुनेछ।

नेपालको संविधानको धारा ८८ बमोजिम सङ्घीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि सङ्घीय कानुनबमोजिम शपथ लिनुपर्ने भन्ने व्यवस्था छ।

सभामुख चयन हुनुअघि ज्येष्ठ सदस्यले प्रतिनिधिसभा सदस्यलाई शपथ खुवाउने व्यवस्था छ । ज्येष्ठ सदस्यलाई राष्ट्रपतिले शपथ ग्रहण गराएपछि अन्य सदस्यलाई शपथ गराउनेछन् । शपथ ग्रहणका लागि निर्वाचन आयोगबाट प्राप्त प्रतिनिधिसभा सदस्य पदको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी एवं हालसालै खिचेको पासपोर्टसाइजको फोटो दुईप्रतिसहित उपस्थित हुन सङ्घीय संसद् सचिवालयले आग्रह गरेको छ। राष्ट्रिय पोशाक वा आआफ्नो सांस्कृतिक पहिचान झल्कने पोशाकमा उपस्थित भईदिनसमेत सचिवालयले आग्रह गरेको छ।रासस

जनकपुर टुडे



# कतारमा सम्पन्न विश्वकप पुटबलमा अहिलेसम्मकै सर्वाधिक गोल रेकर्ड

**सिन्ह्वा**

दोहा । कतारमा सम्पन्न विश्वकप फुटबलमा अहिलेसम्मकै सर्वाधिक गोलको रेकर्ड कायम भएको छ । यो बर्ष कतारमा सम्पन्न विश्वकपमा १७२ गोलको कीर्तिमान् बनेको छ ।

आइतबार राति भएको अर्जेन्टिना र फ्रान्सबीच भएको विश्वकप फाइनलमा दुबै टीमले बराबर तीन गोल गर्दै कूल छ गोल गरी खेललाई सनसनीपूर्ण र रोमाञ्चक बनाएका थिए । फाइनल खेलको अतिरिक्त ३० मिनेटमा पनि गोल अन्तर बराबर बनेपछि भएको 'पेनाल्टी सुट आउट'मा साविक विजेता फ्रान्सलाई ४-२ गोल अन्तरले पराजित गर्दै अर्जेन्टिना उपाधि चुम्न सफल भएको हो ।

कतार विश्वकप अहिलेसम्मकै सर्वाधिक गोल गर्ने प्रतियोगिता भएको छ ।

सन् २०२२ को विश्वकपमा १७२ गोल भएको छ । सन् १९९८ र २०१४ को खेलहरूमा भएका समान १७१ गोलभन्दा यो एक गोल मात्र बढी हो । स्पेनले कोस्टारिकालाई ७-० ले हराएको र इंग्ल्यान्डले इरानमाथि ६-२ को जित हात पार्दा पनि समूह चरणमा ६ गोलरहित बराबरी खेल भएका थिए ।

सन् २०२६ को संस्करणमा लगभग निश्चित रूपमा गोलको नयाँ रेकर्ड हुनेछ किनकि विश्वकप ४८ टोलीमा विस्तार हुनेछ । यसको अर्थ न्यूनतम ८० खेलहरूको साथ हुने प्रतियोगिताले धेरै गोल पाउने नै छ ।

फिफाले १२ टोलीको चार समूह वा १६ टोलीको तीन समूहमा खेलाउने निर्णय गर्नेछ ।

# ३६ वर्षपछि अर्जेन्टिनालाई विश्वकप फुटबलको उपाधि

**टुडे समाचारदाता**

काठमाण्डु । दक्षिण अमेरिकी राष्ट्र अर्जेन्टिनाले ३६ वर्षपछि फिफा विश्वकप फुटबल प्रतियोगिताको उपाधि उचालेको छ ।

कतारको दोहास्थित लुसेल रङ्गशालामा भएको २२ औं संस्करणको फाइनल खेलमा फ्रान्सलाई टाइब्रेकरमा ४-२ गोलअन्तरले हराउँदै अर्जेन्टिनाले विश्वकपको उपाधिमा ह्याट्रिक गरेको हो । यसअघि अर्जेन्टिनाले सन् १९७८ र १९८६ मा दुई पटक उपाधि जितिसकेको छ ।

अर्जेन्टिना विश्वपकपको समूह चरणको पहिलो खेलमा साउदी अरेवियासँग पराजित भए पनि उपाधि उचाल्न सफल भयो । अर्जेन्टिना यसअघि सन् २०१४ मा फाइनल पुगेको थियो । उक्त फाइनलमा अर्जेन्टिना जर्मनीसँग पराजित भएको थियो ।

खेलको २३औं मिनेटमा अर्जेन्टिनाका खेलाडी लियोलन मेस्सीले पेनाल्टीमार्फत् गोल गर्दै अग्रता दिलाए । पेनाल्टी क्षेत्रभित्र फ्रान्सका ओस्मान डेम्बेलेले अर्जेन्टिनाका एन्जल डि मारियालाई लडाएपछि रेफ्रीले पेनाल्टी दिएका थिए । जसको सदुपयोग गर्दै मेस्सीले

गोल गरेका थिए ।

खेलको ३६औं मिनेटमा डि मारियाले अर्जेन्टिनाका लागि दोस्रो गोल गर्दै अग्रता दोब्बर बनाए । मारियाले पेनाल्टी एरियाबाट प्रहार गरेको बल गोलमा परिणत भएको थियो । खेलको ८०औं मिनेटमा फ्रान्सका लागि केलियन एमबाप्पेले पेनाल्टीमा गोल गरेका थिए भने ८१औं मिनेटमा एमबाप्पेले अर्को गोल गर्दै खेल बराबरीमा पुगेको थियो । खेलको निर्धारित समयसम्म दुई-दुई गोलको बराबरीमासकिएपछिखेलअतिरिक्त समयमा लम्बिएको थियो ।

अतिरिक्त समयमा पुगेको खेलमा अर्जेन्टिनाका लागि १०९औं मिनेटमा मेस्सीले गोल गरे । लौटारो मार्टिनेजले पेनाल्टी क्षेत्रभित्रबाट गरेको प्रहार गोलरक्षक लोरिसले बचाए पनि रिबाउन्डमा मेस्सीले गोल गर्न सफल भए भने अतिरिक्त समयको ३ मिनेट बाँकी रहँदा फ्रान्सका लागि केलियन एमबाप्पेले पेनाल्टीमा गोल गर्दै खेल ३-३ को बराबरीमा ल्याए ।

अतिरिक्त समयमा दुवै टोलीले एक-एक गोल गरेपछि खेल ३-३ गोलको बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा गएको थियो ।

टाइब्रेकरमा गोलरक्षक इमिलियानो मार्टिनेज चम्किदा अर्जेन्टिना उपाधि जित्न सफल भयो । अर्जेन्टिनाका लागि लियोनल मेस्सी, पाउलो डिबाला, लिन्द्रो पाराडेस र गोन्जालो मोन्टीले पेनाल्टीमा गोल गरे । उपविजेता बनेको फ्रान्सका लागि केलियन एमबाप्पे र रान्डेल कोलो मुवानीले मात्र पेनाल्टीमा गोल गरे भने किन्सले कोम्यान र अरुलिन चुवामेनी गोल गर्नबाट चुके । यसअघि फ्रान्स सन् १९९८ र २०१८ मा विजेता बनेको थियो ।

**एम्बाप्पेलाई गोल्डेन बुट**

प्रतियोगितामा सबैभन्दा धेरै आठ गोल गरेका फ्रान्सका केलियन एम्बाप्पेले गोल्डेन बुट पाए । उनले प्रतियोगिताका सात खेलमा आठ गोल गरेका थिए । उनले अर्जेन्टिनाका लियोनल मेस्सीलाई पछि पार्दै गोल्डेन बुट पाएका हुन् । अर्जेन्टिनाका लियोनल मेस्सीले सात खेलमा सात गोल गरेका थिए ।

साथै अर्जेन्टिनाका गोलरक्षक इमिलियानो मार्टिनेज उत्कृष्ट गोलरक्षक भए भने 'योङगोष्ट प्लेयर' एन्जो फर्नान्डेज भए ।

# फाइनलमा ह्याट्रिक गरेका एम्बाप्पेले जिते गोल्डेन बुट

**टुडे समाचारदाता**

काठमाण्डु । फाइनलमा अर्जेन्टिनाविरूद्ध ह्याट्रिक गरेका फ्रान्सका केलियन एम्बाप्पेले जितेका छन्। कतारमा सम्पन्न २२ औं संस्करणको विश्वकपमा २३ वर्षीय युवा एम्बाप्पेले ८ गोल गर्दै अर्जेन्टिनाका कप्तान मेसीलाई पछि पारेका हुन्।

नकआउट चरणको पछिल्लो दुई खेलमा गोल बिहिन र असिस्ट दिन नसकेका उनले ७ खेलबाट ८ गोल गरेका हुन्। उनले २

असिस्टसमेत दिएका थिए।

समूह चरण अन्तर्गत समूह डी रहेको फ्रान्सका लागि पहिलो खेलमा अष्ट्रेलिया विरूद्धको १ गोल गरेका उनले दोस्रो खेलमा डेनमार्क विरूद्ध दुई गोल गरे। यस्तै तेस्रो खेलमा ट्युनिसिया विरूद्ध गोल गर्न सकेनन् तर उनले दुई असिस्ट दिएका थिए।

प्री क्वाटरफाइनलमा पोल्याण्डविरूद्ध २ गोल गरेका उनले इंग्ल्यान्ड र मोरक्कोविरूद्ध भने गोल गर्न सकेनन्। तर अर्जेन्टिनाविरूद्धको फाइनलमा ह्याट्रिक गर्दै मेसीलाई उछिने।

# कतार विश्वकपमा पुरस्कारको वर्षा

**टुडे समाचारदाता**

काठमाण्डु । फ्रान्सलाई हराउँदै अर्जेन्टिनाले तेस्रो पटक विश्वकपको उपाधि उचाल्यो। मंसिर ४ गतेबाट कतारमा एक महिनासम्म चलेको भब्य प्रतियोगितामा विश्वको उत्कृष्ट ३२ टिमहरू सहभागी थियो।

विश्वकपमा आयोजकको हैसियतमा डेब्यू गरेको कतार र छनोट भएर आएका ३१ राष्ट्रले विभिन्न ६४ खेल खेलेका थिए। विश्वकपको विजेतासँगै विश्वकपमा सहभागी सबै टिमले नगद पुरस्कार पाएका छन्।

विश्वकप विजेता अर्जेन्टिनाले फिफा विश्वकप ट्रफी पाएको छ। जसको मूल्य २० मिलियन अमेरिकन डलर बराबरको भएको बताइएको छ। १८ क्यारेट सुन जडित उक्त ट्रफी ३६.८ सेन्टिमिटर अग्लो र ६.१ किलोग्राम तौलको छ। विश्वकप विजेताले उपाधिसँगै ठूलो मात्रामा नगद रकम पुरस्कारसमेत जितेका छन्।

कतार विश्वकपको विजेता अर्जेन्टिनाले अहिलेसम्मकै सबैभन्दा बढी ४२ मिलियन अमेरिकी डलर पाएको छ। जुन चार वर्षअघि रूसमा भएको विश्व विजेता फ्रान्सले पाएको भन्दा ४ मिलियन बढी रकम हो। यस्तै २०१४ को ब्राजिल विश्वकप भन्दा ७ मिलियनले बढी हो।

यस्तै उपविजेतामा चित्त बुझाएको फ्रान्सले ३० मिलियन अमेरिकी डलर पुरस्कार पाएको छ।

पछिल्लो ४० वर्षमा पुरस्कार राशिमा लगातार वृद्धि भइरहेको विश्वकपमा यो वर्ष ४४० मिलियन डलर छुट्टाइएको छ। यो रकम सन् २०१८ को प्रतिस्पर्धाभन्दा ४० मिलियन डलरको वृद्धि हो। सन् २०१४ मा ब्राजिलमा आयोजित सन् २०१४ को विश्व कपमा ३५८ मिलियन डलर पुरस्कार रकम विनियोजन गरिएको थियो।

हेर्नुहोस् कसले कति जिते (नेपाल राष्ट्र बैंकले पुस ३ गते तोकेको विनिमय दरका आधारमा)

**फाइनलमा पुगने टिम**

अर्जेन्टिना- ४२ मिलियन अमेरिकी डलर (५ अर्ब ५७ करोड ९६ लाख ३२ हजार ८ सय)

फ्रान्स- ३० मिलियन अमेरिकी डलर (३ अर्ब ९८ करोड ५४ लाख ५२ हजार)

**सेमिफाइनलबाट बाहिरिने टिम**

क्रोएसिया- २७ मिलियन अमेरिकी डलर (३ अर्ब ५८ करोड ६९ लाख ६ हजार ८ सय)

मोरोक्को- २५ मिलियन अमेरिकी डलर (३ अर्ब ३२ करोड १२ लाख १० हजार)

**क्वार्टरफाइनलबाट बाहिरिने टिम**

पोर्चुगल- १७ मिलियन अमेरिकी डलर (२ अर्ब ५८ करोड ८४ लाख २२ हजार ८ सय)

इङ्ल्याण्ड- १७ मिलियन अमेरिकी डलर (२ अर्ब ५८ करोड ८४ लाख २२ हजार ८ सय)

ब्राजिल - १७ मिलियन अमेरिकी डलर (२ अर्ब ५८ करोड ८४ लाख २२ हजार ८ सय)

नेदरल्याण्ड - १७ मिलियन अमेरिकी डलर (२ अर्ब ५८ करोड ८४ लाख २२ हजार ८ सय)

**अन्तिम १६ मा पुग्ने टिम**

स्वीटजरल्याण्ड- १३ मिलियन अमेरिकी डलर (१ अर्ब ७२ करोड ७० लाख २९ हजार २ सय)

स्पेन - १३ मिलियन अमेरिकी डलर (१ अर्ब ७२ करोड ७० लाख २९ हजार २ सय)

पोल्याण्ड - १३ मिलियन अमेरिकी डलर (१ अर्ब ७२ करोड ७० लाख २९ हजार २ सय)

सेनेगल - १३ मिलियन अमेरिकी डलर (१ अर्ब ७२ करोड ७० लाख २९ हजार २ सय)

दक्षिण कोरिया - १३ मिलियन अमेरिकी डलर (१ अर्ब ७२ करोड ७० लाख २९ हजार २ सय)

जापान - १३ मिलियन अमेरिकी डलर (१ अर्ब ७२ करोड ७० लाख २९ हजार २ सय)

अष्ट्रेलिया - १३ मिलियन अमेरिकी डलर (१ अर्ब ७२ करोड ७० लाख २९ हजार २ सय)

अमेरिका - १३ मिलियन अमेरिकी डलर (१ अर्ब ७२ करोड ७० लाख २९ हजार २ सय)

**समूह चरणबाट बाहिरिने टिम**

घाना -९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

उरूग्वे -९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

सर्विया -९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

क्यामरून - ९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

क्यानडा -९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

बेल्जियम -९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

कोष्टारिका - ९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

जर्मनी - ९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

डेनमार्क - ९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

ट्यूनिसिया - ९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

साउदी अरेबिया - ९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

मेक्सिको - ९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

वेल्स- ९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

इरान - ९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

इक्वेडर - ९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)

कतार - ९ मिलियन अमेरिकी डलर (१ अर्ब १९ करोड ५६ लाख ३५ हजार ६ सय)।

# सट्टाबाजीमा सक्रिय नेपाली एजेन्ट बाट करोडौँ कारोबार



काठमाण्डु । विश्वकप फुटबललगायत विभिन्न खेलमा सट्टाबाजीमा नेपाली एजेन्ट सक्रिय रहेका छन् । एजेन्टमध्ये एक व्यक्तिले वर्षमा सट्टाबाजीमा करोडौँ कारोबार गर्ने पाइएको छ । नेपाली एजेन्ट रहेका एक व्यक्तिको २५ मध्ये सात बैंक खाताको कारोबार परीक्षण गर्दा एक वर्षको अन्तरालमा सट्टाबाजीमा रु साँढे दुई करोड बराबरको कारोबार गरेको पाइएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिनुभयो ।

खेलमा बढी रकम हारेका व्यक्तिको पहिचान गरी प्रलोभन देखाएर सट्टेबाजीको एजेन्ट बनाएको प्रहरीको भनाइ छ । सट्टेबाजीमा प्रयोग हुने 'वान एक्स बेट' मार्फत यसरी सट्टाबाजीको रकम सङ्कलन गर्ने कार्यमा चाँगुनारायण नगरपालिका- ९ ताथली बस्ने ३१ वर्षका सुनिल चौगुठी र सूर्यविनायक नगरपालिका-८ का २५ वर्षीय अजय भेल पक्राउ परेपछि तथ्य खुलेको हो ।

उनीहरुलाई मुलुकी अपराधसंहिताको दफा १२५ को उपदफा ४ बमोजिम सट्टाबाजी गर्न/गराउन नहुने कसुरअन्तर्गत कारबाही प्रक्रिया अघि बढाइएको छ । उनीहरुलाई वान एक्स बेटले खेलाडीमध्येबाट बढी रकम हारेका व्यक्तिको पहिचान गरी विभिन्न प्रलोभन देखाएर एजेन्ट बनाएको पाइएको छ । पक्राउ परेका व्यक्तिले सट्टाबाजी गराउन विगत एक वर्षदेखि एजेन्टको रुपमा काम गर्दै आएको खुलेको छ । सट्टेबाजीको रकम भने रेड्डी नामको एप्लिकेसन मोबाइलमा 'इन्स्टल' गर्न लगाई कारोबार गर्ने गरेको र त्यही रकम भुक्तानीको आधारमा कमिसन दिने गरेको पाइएको छ ।

अनुसन्धानका क्रममा पक्राउ परेका चौगुठीको २३ वटा बैंकको २५ वटा खाताको कारोबार विवरण माग गरिएकोमा हालसम्म सात बैंकमार्फत उनले एक वर्षको अवधिमा रु दुई करोड, ४५ लाख ७१ हजार आठ सय ९९ कारोबार गरेको खुल्न आएको र अन्य बैंकको विवरण प्राप्त हुने क्रममा रहेको कोइरालाले बताउनुभयो ।

भेलको विभिन्न १९ बैंक खाताको कारोबार माग गरिएकोमा हालसम्म प्राप्त सात बैंकको खाताको विवरणमा करिब ६ महिनाको अवधिमा रु ६० लाख ३० हजार कारोबार भएको खुलेको छ । अनुसन्धानमा वान एक्स बेटमार्फत हुने कारोबार क्रिप्टोकरेन्सीको कारोबारसँग अन्तरसम्बन्धित रहेको पाइएको छ ।

सट्टाबाजी गर्ने समूह बढ्दो रहेको बताइएको छ । यसअघि मङ्सिर २८ मा पक्राउ परेका लमजुङका सुजन गौलीले उक्त सट्टेबाजीमा इसेवा, आइएमइ, खल्ती सेवाबाट मात्रै रु दुई करोड ३६ लाख कारोबार गरेको पाइएको छ ।

अनुसन्धानका क्रममा अन्य विभिन्न २६ डिजिटल वालेटमार्फत उनले झण्डै रु आठ करोड बराबरको कारोबार गरेको खुल्न आएकोमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

मङ्सिर २६ पक्राउ परेका ललितपुरका आदर्श ठाकुरले पनि यस्तै एपमार्फत रु दुई करोड बढीको कारोबार गरेको फेला परेको थियो । उनी पनि प्रहरीको अनुसन्धानमै छन् । मङ्सिर २५ गते पाल्पाका रुद्रप्रसाद पोखरेल र भारतका पवनकुमार शर्मा काठमाडौँको नरदेवीबाट सट्टेबाजीकै कसूरमा पक्राउ परेका थिए ।

पछिल्ला घटनाक्रमले प्रविधिको दुरुपयोग तीव्र रुपमा बढिरहेको देखिएको र त्यहीमार्फत प्रलोभनमा परेर मानिस ठूलो रकम ठगीमा पर्ने गरेकाले त्यसबाट सतर्क रहनुपर्ने केन्द्रिय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राई बताउनुहुन्छ ।रासस

# नदीमा जलसतह घटेपछिनिर्यात हुन छाड्यो बिजुली




काठमाण्डु । नदीमा जलसतह लगातार घटेपछि नेपाल विद्युत् प्राधिकरणले भारततर्फको बिजुली निर्यात रोकेको छ । स्वदेशमै बिजुली आपूर्ति गर्नुपर्ने भएकाले भारतमा हुँदै आएको निर्यात रोकिएको प्राधिकरणका प्रवक्ता एवं भारप्रेषण केन्द्रका प्रमुख सुरेशबहादुर भट्टराईले जानकारी दिनुभयो ।

प्राधिकरणले यस वर्ष कूल रु ११ अर्ब बराबरको बिजुली भारत निर्यात गरेको छ । गत जेठ १९ गतेदेखि भारत निर्यात सुरु गरेको प्राधिकरणले गत मङ्सिर अन्तिम सातासम्म निर्यात गरेको थियो ।

सुरुमा ३९ मेगावाटबाट निर्यात सुरु गरेको प्राधिकरणले कूल चार सय १९ मेगावाटसम्म निर्यात गरेको थियो । भारतमा प्रतियुनिट बिजुली औसत आठ रुपैयाँ २५ पैसामा बिजुली बिक्री गरिएको थियो ।

प्राधिकरणले दैनिक बोलकबोलमार्फत तय हुने 'डे अहेड' मार्केटमा बिजुली बिक्री गरेको थियो । पछिल्लो पटक कूल चार सय १९ मेगावाट बराबरको बिजुली बिक्रीका लागि अनुमति प्राप्त भएको थियो । प्राधिकरणले थप केही आयोजनाको बिजुली बिक्रीका लागि अनुमति मागेको भए पनि लामो समयसम्म निर्णय आएको थिएन ।

नदीमा जलसतह घटेपछि आन्तरिक माग व्यवस्थापनका लागि प्राधिकरणले हाल भारतबाट तीन हजार मेगावाट घण्टा बराबरको बिजुली आयात गरेको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।

बिहान ३ बजेदेखि ११ बजेसम्मको माग व्यवस्थापनका लागि प्राधिकरणले बिजुली आयात गरिरहेको छ । सो समयमा माथिल्लो तामाकोसी र कालीगण्डकी 'ए' आयोजना बन्द गरिने गरिएको छ । प्राधिकरणका अनुसार हाल कूल माग एक हजार पाँच सय १२ मेगावाट बराबर छ ।

चिसो बढेसँगै बिजुलीको मागमा पनि वृद्धि भइरहेको छ । कोठा न्यानो बनाउन बिजुलीको प्रयोगमा वृद्धि भएपछि मागमा वृद्धि भएको हो ।कूल उत्पादित बिजुलीमध्ये प्राधिकरणका आयोजनाबाट सात हजार आठ सय ७४ मेगावाट घण्टा, सहायक कम्पनीका आयोजनाबाट चार हजार चार सय ४३ मेगावाट घण्टा उत्पादन भएको छ ।

त्यस्तै, निजी क्षेत्रका आयोजनाबाट बाह्र हजार सात सय ४० मेगावाट घण्टा बिजुली उपलब्ध छ । यस्तै, विभिन्न स्थानमा भएको अवरोधका कारण दुई सय ३३ मेगावाट घण्टा प्रणालीभन्दा बाहिर छ । मुलुकभित्रको कूल जडित क्षमता दुई हजार दुई सय ५० मेगावाट बराबर छ । चालु आवको अन्त्यसम्म प्रणालीमा थप आठ सय मेगावाट बराबरको बिजुली थप हुनेछ ।

प्राधिकरणको माग अनुसारको अनुमति नपाएपछि वर्षायाममा केही बिजुली खेर गएको थियो । चालु आवमा थप हुने बिजुलीको भारत निर्यातका लागि वा आन्तरिक खपतका लागि आवश्यक व्यवस्था गर्न नसकिए प्राधिकरणलाई ठूलो घाटा हुने अवस्था पनि उत्तिकै छ । तर हिउँद लागेपछि नदीमा जलसतह ओरोलो लाग्दा अपेक्षित क्षमता अनुसारको बिजुली उत्पादन हुनसक्दैन ।

यद्यपि चालु आवको तीन महिनामा मात्रै प्राधिकरणले आठ अर्ब ५० करोड बराबरको नाफा कमाएको छ। यस्तै, २० युनिटसम्म बिजुली खपत गर्ने ग्राहकलाई रु ३० मात्रै महसुल तिर्दा हुने व्यवस्था गरिएको छ । त्यसबाट पनि प्राधिकरणले उपभोक्तालाई वार्षिक रु २० अर्ब बराबरको राहत दिएको दाबी गरेको छ ।

आन्तरिकरुपमा नै बिजुलीको खपत बढाउनका लागि पहल भए पनि पछिल्ला दिनमा औद्योगिक क्षेत्रमा बिजुलीको माग घटेको छ । बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव तथा उपभोक्ता मुद्रास्फीति बढेकाले उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । जसको प्रभाव पनि बिजुलीको खपतमा परेको छ। रासस

# नेप्समा झिनो अङ्कमा सुधार

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार झिनो अङ्कले सुधार भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक तीन दशमलव ८३ अङ्कले उकालो लागेर एक हजार आठ सय ५८ दशमलव ८९ मा पुगेको छ।

यस्तै ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव १५ अङ्कले सुधार भई तीन सय ६३ दशमलव ९७ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये सोमबार चार उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । नौ उपसमूहको शेयर मूल्यमा भने वृद्धि भएको छ।

कूल दुई सय ५१ कम्पनीको २६ लाख ९९ हजार तीन सय ३१ कित्ता शेयर रु ८८ करोड ६० लाख ९८ हजार पाँच सय ६८ मूल्यमा खरिद बिक्री भए । कारोबारका आधारमा प्राइम बैंक शीर्ष स्थानमा छ । सो बैंकको शेयर रु छ करोड ९३ लाख ४३ हजार एक सय तीन मूल्यमा कारोबार भयो । फरवार्ड माइक्रोफाइनान्स रु पाँच करोड ४९ लाख ४२ हजार नौ सय ८१, हिमालयन डिस्टिलरी रु चार करोड २७ लाख ९० हजार तीन सय ९४, नेपाल दूरसञ्चार कम्पनी रु तीन करोड ७६ लाख ६४ हजार आठ सय ५९ र पिपल्स हाइड्रोपावरको रु तीन करोड २८ लाख १८ हजार चार सय ३४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार धौलागिरि लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। खप्तड लघुवित्त छ दशमलव शून्य आठ, सिवाइसी नेपाल लघुवित्त पाँच दशमलव ९८, नवील ब्यालेन्स फण्ड दोह्रो पाँच दशमलव ९० र रिलायन्स फाइनान्सका लगानीकर्ताले चार दशमलव शून्य चार प्रतिशतले कमाएका छन्।

त्यस्तै इस्टर्न हाइड्रोपावर सात दशमलव ९७, ग्लोबल आइएमई ब्यालेन्स फण्ड पहिलो सात दशमलव ७२, फरवार्ड माइक्रोफाइनान्स छ दशमलव ७६, पिपल्स हाइड्रोपावर छ दशमलव शून्य चार र बुद्धभूमि नेपाल हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ६४ प्रतिशतले गुमाएका छन् ।रासस

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. मधेश प्रदेश कार्यालय जनकपुरधामको २१ दिने सुचना

यस बैंकको तपशिलको कार्यालयबाट तपशिल बमोजीमका व्यक्ति तथा संस्थाहरुले निम्न उद्देश्यका लागी विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन,२०७३, कृषि विकास बैक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलामी बिक्री वा अन्य व्यवस्था गरी बैङ्कको सम्पूर्ण लेना रकम असुल उपर गरिने जानकारी गराउदछौं। साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालय :- कृषि विकास बैंक लि., शाखा कार्यालय, दल्केबर (धनुषा)**

| क्र. सं. | कर्जा ग्राहकको नाम | फा.नं. | आई.डि.नं. | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | कर्जाको उद्देश्य | सावा रकम रु. | २०७९ मंसिर सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नु पर्ने रकम | धितो मञ्जुरीनामा दिने /जमानत वस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शम्भु माछापालन फर्म (प्रो.श्याम कुमारी देवी) | १०६६३ | १३३८९३९ | भोला सहनी मलहा | बृहस्पत सहनी | धनुषाधाम-६ | सहुलित कर्जा | २४४०००० | ३५७४६९ | २७९७४६९ | श्याम कुमारी देवी |
| २ | राम दयाल राउत | ५५०९ | ६८१०१० | सिताराम राउत | शिव नन्दन राउत | मिथिला-३ | सरल कृषि कर्जा | १९००००० | २०८०६२ | २१०८०६२ | उर्मिला देवी |
| ३ | शिव कुमार महतो | १०६९३ | १२७४६१४ | रुपलाल महतो कोइरी | हाथिलाल महतो कोइरी | मिथिला-१ | घरायसी कर्जा | ९५०००० | ८५७७८ | १०३५७७८ | आशा कुमारी |
| ४ | जगजिवन महतो | १०६८६ | १५३२९७१ | देव नारायण महतो कोइरी | कलर महतो कोइरी | मिथिला-१ | घरायसी कर्जा | ९५०००० | ८९८७३ | १०३९८७३ | उर्मिला देवी महतो |
| ५ | रामचन्द्र महतो | १०८११ | १७४२२२१ | राम शरण महतो | जगरनाथ महतो | बेंगाडावर-६ | सरल कृषि कर्जा | ७००००० | २७६६२ | ७२७६६२ | गंगाराम महतो |
| ६ | जागरण पशुपालन फर्म (प्रो.सरिता भुजेल) | १०८५२ | १८२८८३९ | हरि बहादुर भुजेल | अन बहादुर भुजेल | धनुषाधाम-८ | सरल कृषि कर्जा | ८३०४७७ | १३९९८० | ९७०४५७ | हरि बहादुर भुजेल |
| ७ | भरतपुर कन्स्ट्रक्सन प्रा.लि. (प्रो.मनोज साह) | १०४५० | १०८३८२० | बेचन साह तेली | जिवछ साह तेली | भरतपुर १ | व्यापार कर्जा | २५००००० | ३२३३५९ | २८२३३५९ | दुलारी तेलीन |
| ८ | भोला महतो | १०३९२ | ६८१४४३ | सिताराम महतो | विलट महतो | भुच्चकपुर-५ | घरायसी कर्जा | ३७०००० | २८२०८ | ३९८२०८ | श्रीमती विद्यया देवी |
| ९ | संजय मेस्तर | १०७१६ | १४२७४६९ | रतन मेस्तर | जिबछ मेस्तर | महेन्द्रनगर-३ | सरल कृषि कर्जा | ९२५००० | ४४,६५५ | ९६९६५५ | राधा देवी मेस्तर |
| १० | विजय कुमार महतो | ३३३४ | ६८२४०३ | भुन्डी महतो कोइरी | सिंग्हाई महतो कोइरी | लक्ष्मीनिवास-९ | सरल कृषि कर्जा | १८००००० | १३८९८० | १९३८९८० | संजय कुमार महतो |
| ११ | मोहन मण्डल केवट | १०४१५ | ६८२८७६ | राम शोभित मण्डल | राजु मण्डल | यज्ञभूमि-८ | ओ.डि.कर्जा | ९००००० | ४८१६० | ९४८१६० | सुनैना देवी |
| १२ | सत्य नारायण राय कुर्मी | ३०१७ | ६८०९४३ | हरि नन्दन राय कुर्मी | नईवत राय कुर्मी | मिथिला-१ | सरल कृषि कर्जा | ९५०००० | ५३६११ | १००३६११ | |
| १३ | जगदेव गोहितमान यादव | १०४११ | ६८२८७५ | मनपत गोहितमान | महन्थ गोहितमान | लपटोली-३ | घरायसी कर्जा | २००००० | ४२२४० | २४२२४० | |
| १४ | राम कुमारी यादव | १०८४१ | १७६६९१२ | उमेश यादव | जयलाल यादव | उमाप्रेमपुर-१ | सरल कृषि कर्जा | १०००००० | ४४८६५ | १०४४८६५ | उमेश यादव |
| १५ | चन्चला रांगा फर्म (प्रो.दिल कुमारी मगर) | १०७८२ | १७०२५७४ | फनित बहादुर पाटा मगर | यम बहादुर पाटा मगर | गणेशमान चारनाथ -५ | सरल कृषि कर्जा | ९५०००० | ६८०३७ | १०१८०३७ | फनित बहादुर पाटा मगर |
| १६ | आदर्श निर्माण सेवा (प्रो.लालबाबु महतो) | १०६८० | १३९४२५० | रामेश्वर महतो | बासुदेव महतो | मिथिला-६ | सरल ठेक्का कर्जा | ३५००००० | १८६४६३ | ३६८६४६३ | पुकारी देवी कोइरीन |
| १७ | भागवती देवी | १०३९६ | ६८१४४८ | भोगी यादव | गोविन्द यादव | नक्टाझिज-९ | ओ.डि.कर्जा | १५००००० | १०२०८९ | १६०२०८९ | सितल कुमार यादव |
| १८ | रामबाबु कापर | १०५९८ | १२४३३३५ | राम चरित्र कापर | राम रतन कापर | धनुषाधाम-७ | सरल कृषि कर्जा | ६००००० | ३९८२२ | ६३९८२२ | मनिता देवी कापर |
| १९ | एस.वाई.कन्स्ट्रक्सन एण्ड कैलाशपती जेनरल अर्डर सप्लायर्स (प्रो.सत्येन्द्र यादव) | १०५४४ | ११७८५५८ | रामदेव यादव | गणपत यादव | ढल्केवर-८ | सरल ठेक्का कर्जा | ९९०००० | ७८१९१ | १०६८१९१ | |
| २० | रुसियन ठाकुर बरही | १०६१३ | १२८२९४० | जिवछ ठाकुर बरही | सोनुप ठाकुर | बटेश्वर-५ | घरायसी कर्जा | ९९०००० | १०६८०७ | १०९६८०७ | सरोज ठाकुर |
| २१ | साह अटो स्पेयर पार्टस (प्रो.दिप कुमार साह) | १०२४७ | ६८११४७ | जिवछ साह | ठोठाई साह | बटेश्वर-४ | व्यापार कर्जा | ९००००० | ४८०४६ | ९४८०४६ | मञ्जु कुमारी |
| २२ | प्रमोद कुमार महतो | १०२०२ | ६८१०२८ | बचकुन महतो कोइरी | मंगल महतो कोइरी | मिथिला-८ | सरल कृषि कर्जा | ३४८३५७३ | १९१५८७ | ३६७५१६० | उषा कुमारी महतो |
| २३ | अमित फर्निचर हाउस (प्रो.संतोष कुमार साह) | १०५०२ | ११०५२२९ | पुलकित साह तेली | मैने साह | उमाप्रेमपुर-५ | व्यापार कर्जा | ४०००००० | १४२८४० | ४१४२८४० | पुलकित साह |
| २४ | राम प्रसाद महतो | १०३४५ | ६८१३६६ | बुलन महतो | रुपा महतो | बेंगाडावर-२ | व्यापार कर्जा | ५९९६०३ | ५२१६०४ | ११२१२०७ | |
| २५ | राम उदगार महतो | १०५७८ | १२३२१४८ | सिहेश्वर महतो | रघु महतो कोइरी | मिथिला-३ | सरल कृषि कर्जा | ५००००० | ३३३७६ | ५३३३७६ | |
| २६ | नगिना धोविन | ७२२६ | ६८१३८५ | जुमन धोविन | फलेन धोविन | यज्ञभूमि-५ | कृषि उत्पादन कर्जा | ३००००० | १४०३७ | ३१४०३७ | |
| २७ | कृस्याल डेरी उद्योग (प्रो.लक्ष्मण कुमार राउत) | १०३६४ | ६८२८६४ | मुनेश्वर राउत | अछेलाल राउत | गोदार-५ | कृषि उत्पादन कर्जा | ९५०००० | ५२०६९ | १००२०६९ | श्याम सुन्दर राउत |
| २८ | न्यू घनश्याम किराना पसल (प्रो.सुनिल कुमार महतो) | १०७८१ | १७१०४४५ | चन्देश्वर महतो | भोला महतो | मिथिला-८ | व्यापार कर्जा | १५००००० | ८३१२६ | १५८३१२६ | मनिता देवी महतो |
| २९ | विवेक किराना पसल (प्रो.बच्चे लाल महतो कोइरी) | १०७८७ | १७१५७२३ | बासुदेव महतो कोइरी | बला महतो | मिथिला-५ | व्यापार कर्जा | ९५०००० | ७२६३९ | १०२२६३९ | संतोष कुमार महतो |
| ३० | मां काली मत्स्य पालन केन्द्र (प्रो.सुनैना देवी सिंह) | ४५५३ | ६८२४४१ | सुरेश प्रसाद सिंह | सुकदेव सिंह | क्षिरेश्वरनाथ-१० | घरायसी कर्जा | ७००००० | ४१३७७ | ७४१३७७ | संजय कुमार सिंह |
| ३१ | राम जिवन महतो कोइरी | ६०८६ | ११२०३०० | रामपृत महतो | जनक महतो | नक्टाझिज-७ | सरल कृषि कर्जा | ९८००००० | ५४८८३ | १०३४८८३ | ओम प्रकाश महतो |
| ३२ | सत्य नारायण ठाकुर हजाम | १०७१३ | १५५३२३५ | राम किसुन ठाकुर | अर्जुन ठाकुर | मिथिला-१ | निर्माण कर्जा | ३६००००० | १७१३०६ | ३७७१३०६ | संगिता शर्मा |
| ३३ | हेल्दीहोम पोलिक्लिनिक एण्ड डाइगनोस्टिक सेन्टर (प्रो.अभिद्र भिमवार यादव) | १०८५४ | १८२४५५८ | जगदेव भिमवार यादव | प्रमेश्वर भिमवार | धनुषाधाम-९ | सेवा कर्जा | २४६००००० | ७७५७६ | २५३७५७६ | अर्चना कुमारी यादव |
| ३४ | सूर्य नारायण महतो कोइरी | ७९६६ | ६८०३३६ | काशी महतो | फौदार महतो | बटेश्वर-३ | ओ.डि.कर्जा | ४००००० | २४२७९ | ४२४२७९ | चन्द्रदेव महतो |
| ३५ | हिरा देवी | १०३६६ | ६८१३९७ | राम अशिष यादव | रामदेव यादव | मिथिला-६ | सरल कृषि कर्जा | १९००००० | १०६४६४ | २००६४६४ | राम अशिष यादव |
| ३६ | एक बहादुर बस्नेत | १०६८४ | १५२८१८२ | लाल बहादुर बस्नेत | गगन सिंह बस्नेत | मिथिला-९ | सरल कृषि कर्जा | १९००००० | ८७८८६ | १९८७८८६ | मेनुका बस्नेत |
| ३७ | जगदेव महतो कोइरी | १०५८२ | १२३५४७५ | दयाराम महतो कोइरी | राम किसुन महतो | मिथिला-८ | सरल कृषि कर्जा | ७००००० | ७००७४ | ७७००७४ | सुनिल कुमार महतो |
| ३८ | धर्मनाथ यादव | १०५६२ | १२१७३७५ | खेदारु यादव | असर्फी यादव | गणेशमान चारनाथ-७ | सरल कृषि कर्जा | १९५००००० | १११४१० | २०६१४१० | सुनिता कुमारी यादव |
| ३९ | जोगेन्द्र यादव | १०६४५ | १३१९०८७ | राम किसुन यादव | महेश्वर यादव | धनुषाधाम-६ | सरल कृषि कर्जा | ३००००० | १४७०५ | ३१४७०५ | मञ्जु देवी |
| ४० | आशा कुमारी ठाकुर | १०२३४ | ६८११०४ | राम ईश्वर ठाकुर | दशैं ठाकुर | उमाप्रेमपुर-४ | घरायसी कर्जा | ४००००० | २३९८६ | ४२३९८६ | राम ईश्वर ठाकुर |
| ४१ | राम कुमार साहु तेली | ८६०८ | १७०६४५४ | लक्ष्मी साह | भुलुर साहु तेली | बटेश्वर-२ | सरल कृषि कर्जा | ७००००० | ३०३५१ | ७३०३५१ | तेतरी देवी साह |
| ४२ | रोहित कुमार साह | १०७५८ | १५७७९८८ | रामपृत साह | बाला साह | धनुषाधाम-६ | सरल कृषि कर्जा | ९५०००० | ५३५६७ | १००३५६७ | अमित कुमार साह |
| ४३ | गजानन्द पटेल | ५१५९ | ६८२४६१ | राम नारायण पटेल | अमिर सिंह | गणेशमान चारनाथ-३ | सरल कृषि कर्जा | ५००००० | २५४२४ | ५२५४२४ | प्रिन्स कुमार पटेल |
| ४४ | ईन्द्रजित महतो | १०७३२ | १५८९८४५ | निर्गुण महतो | रामफल महतो कोइरी | मिथिला-५ | सरल कृषि कर्जा | ९९०००० | ५५१७१ | १०४५१७१ | कविता कुमारी महतो |
| ४५ | मञ्जु देवी यादव | १०८४६ | १८०६०२७ | रामचन्द्र यादव | जंगला यादव | धनुषाधाम-६ | सरल कृषि कर्जा | ३००००० | १२६८८ | ३१२६८८ | सुरज यादव |
| ४६ | भुनेश्वर मण्डल धानुक | ६३२० | ६८०३३० | तिलक मण्डल | कलर मण्डल | मिथिला-७ | सरल कृषि कर्जा | ९००००० | ५०२५५ | ९५०२५५ | रामचन्द्र मण्डल |
| ४७ | विजय कुमार महतो | १०४३४ | १०७९४१३ | रामदेव महतो | ठिठर महतो | भुच्चकपुर-५ | सरल कृषि कर्जा | ३००००० | १५३२९ | ३१५३२९ | उर्मिला देवी कोइरीन |
| ४८ | जगजिवन ठाकुर | १०६९४ | १५३७१२९ | अर्जुन ठाकुर | लक्ष्मी ठाकुर | मिथिला-१ | घरायसी कर्जा | ५००००० | २९४५२ | ५२९४५२ | देवकला देवी ठाकुर |
| ४९ | पूर्ण महतो कोइरी | ५०७६ | ६८०५९१ | झौली महतो | निरस महतो | बटेश्वर-१ | घरायसी कर्जा | ९००००० | २८२१३ | ९२८२१३ | मानो देवी |
| ५० | जंगल महतो | ८८७९ | ६८२६३७ | राम प्रसाद महतो | कारी महतो | बटेश्वर-३ | घरायसी कर्जा | ५००००० | २९४०८ | ५२९४०८ | |
| ५१ | गोपाल पाण्डेय | १०८६२ | १८४४२७३ | शिर बहादुर पाण्डेय | सैनधोज पाण्डेय | मिथिला-६ | सरल कृषि कर्जा | १८००००० | ६१२९१ | १८६१२९१ | जालमाया पाण्डेय |
| ५२ | सिताराम गल्ला भण्डार (प्रो.सिताराम महतो) | ९९५६ | ६८२७८३ | लक्ष्मी महतो | लालजी महतो | मिथिला-६ | व्यापार कर्जा | १२६५००० | ५०४१९ | १३१५४१९ | |
| ५३ | मगेश्वरी किराना स्टोर्स (प्रो.कौशिला कुमारी कोइरीन) | ९९३९ | ६८१३८४ | राम उदगार महतो | कुशेश्वर महतो | मिथिला-५ | व्यापार कर्जा | १०००००० | ३६२८८ | १०३६२८८ | |
| ५४ | विन्देश्वर भिनवार यादव | ९९२५ | ६८०७५७ | दुखी भिनवार यादव | मुन्नी भिनवार यादव | मिथिला-५ | सरल कृषि कर्जा | ६००००० | २५२६६ | ६२५२६६ | सुनैना देवी |
| ५५ | अर्जुन सहनी मल्लाह | १०३२६ | ६८१३४२ | कारी सहनी मल्लाह | मोहन सहनी मल्लाह | गणेशमान चारनाथ-६ | सरल कृषि कर्जा | ८००००० | ३५२८३ | ८३५२८३ | संतोष कुमार सहनी |
| ५६ | हिरा मोती कन्स्ट्राक्सन (प्रो.जय किशोर यादव) | १०७५२ | १६२२६४६ | कर्म नारायण यादव | चुल्हाई यादव | गणेशमान चारनाथ-१ | ओ.डि.कर्जा | १५००००० | ६७८०४ | १५६७८०४ | हिरावत्ती यादव |
| ५७ | लक्ष्मी प्रसाद श्रेष्ठ | १०२२७ | ६८११०३ | अमर बहादुर श्रेष्ठ | मान बहादुर श्रेष्ठ | भरतपुर २ | सरल कृषि कर्जा | १०००००० | ३६२३० | १०३६२३० | निता कुमारी श्रेष्ठ |
| ५८ | गिता देवी महतो | ९५८९ | ६८०२०६ | राज किशोर महतो | जुहुरी महतो | मिथिला-६ | सरल कृषि कर्जा | ७००००० | ३०५४५ | ७३०५४५ | राज किशोर महतो |
| ५९ | रामपरी कलवारनी | १०२८९ | ६८१२५० | श्री नारायण चौधरी कलवार | असर्फी चौधरी | हरिहरपुर-१ | सरल कृषि कर्जा | ६००००० | २२८८४ | ६२२८८४ | बेचन चौधरी |
| ६० | रिता देवी महतो कोइरी | १०६०४ | १२४५१८२ | सत्य नारायण महतो | सुकदेव महतो | मिथिला-४ | सरल कृषि कर्जा | ४५०००० | १८६८४ | ४६८६८४ | सत्य नारायण महतो |
| ६१ | राम कृपाल महतो | १०७४५ | १६४०७७६ | प्रयाग महतो | जलधारी महतो | मिथिला-१ | सरल कृषि कर्जा | १०००००० | ४४९८७ | १०४४९८७ | मनोज कुमार महतो |
| ६२ | ममता कृषि तथा पशुपन्छी फर्म (प्रो.विष्णुदेव यादव) | १०७३८ | १५८९८९४ | राजेन्द्र यादव | धनुषी यादव | गणेशमान चारनाथ-७ | सरल कृषि कर्जा | ८००००० | ३५२८४ | ८३५२८४ | |
| ६३ | राम शोभित कापर | १०५१८ | १११९७८३ | पुलकित कापर | मागैन कापर | भुच्चकपुर-५ | सरल कृषि कर्जा | ४००००० | १६९९० | ४१६९९० | समपतिया देवी |
| ६४ | दुखनी देवी महतो | ९५६७ | ६८२७१४ | राम परिक्षण महतो | नेवी महतो | मिथिला-८ | सरल कृषि कर्जा | २०००००० | ७०९०२ | २०७०९०२ | रोशन कुमार सिंह |
| | | | | | | | जम्मा | ७३८७३६५३ | ५०४०२९६ | ७८९१३९४९ | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
क्षेत्रिय कार्यालय, जनकपुरधाम

२३ एसपीको सरुवा

# धनुषामा खड्का र पर्सामा शाह

**राजेन्द्र यादव**

जनकपुरधाम । स्थानीय तहको चुनाव र आम चुनाव गराउनु मधेश प्रदेशमा अत्यन्त चुनौतीपूर्ण कार्य मानिन्छ । दुबै तहको चुनावलाई निर्विघ्न रुपमा सफल गर्ने जिल्ला प्रहरी प्रमुख( एसपी)हरुको सोमवार सरुवा गरिएको छ ।

धनुषामा १४ महिना रहेर शान्तिपूर्ण रुपमा चुनाव सम्पन्न, शान्तिसुरक्षाको भरपर्दो व्यवस्था र सीमाक्षेत्रबाट हुने तस्करी नियन्त्रणमा सफल भएका धनुषाका एसपी वसन्त रजौरे पनि सरुवामा परेका छन् ।

खुल्ला सीमाको कारण लागूऔषध लगायत अन्य मालवस्तुहरुको विगतमा हुने गरेको तस्करी अहिले पूर्णरुपमा नियन्त्रण भएको महसुस गरिएको छ । अबेर रातिसम्म बजारमा निर्वाध रुपमा घुमफिर गर्नसक्ने वातावरण बनेको छ ।

नेपाल प्रहरीमा चर्चित हस्तीहरु मध्येका उत्तमराज सुवेदीपछि सर्वाधिक लामो समय बस्ने प्रहरी प्रमुख रजौरे नै हुन् । कयौं पुराना अल्झेका मुद्दाहरुलाई सुल्झाउन उनी सफल सफल भएका छन् ।धनुषा जिल्लाको राजनीतिक विवादबाट टाढै रहने रजौरेले आमनागरिकको शान्तिसुरक्षालाई प्राथमिकता दिएका थिए ।

नेपाल प्रहरीको महानिरीक्षक(आईजीपी) हुने प्रबल सम्भावना भएका रजौरेको सरुवा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा भएको छ ।

धनुषामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयबाट विश्वराज खड्का आउन लागेका छन् ।अन्तराष्ट्रिय विमानस्थलमा उनको भूमिकालाई प्रहरी वृत्तमा निकै सराहिएको छ ।

यसैगरी धनुषाबाट काठमाण्डु हुँदै पर्सा जिल्ला पुगेका एसपी रमेशकुमार बस्नेतको पनि सरुवा भएको छ ।पर्सा जिल्लामा शान्तिसुरक्षाको सबल व्यवस्था, तस्करी नियन्त्रण र चुनावमा उनको भूमिका प्रशंसनीय रहेको स्थानीयहरुको कथन छ ।

स्थानीय तह र आम निर्वाचनमा प्रभावकारी सुरक्षा व्यवस्था मिलाएका बस्नेतले चुनावमा हुन सक्ने अपराधिक गतिविधिलाई नियन्त्रण गर्न सुरक्षाकर्मीहरुलाई विशेष निर्देशन दिएका थिए ।

गत हप्तामात्र उनले अवैद्य खाद्यान्न गोदाममा छापा मारेका थिए ।बस्नेतको सरुवा रानीपोखरीस्थित काठमाण्डु उपत्यका प्रहरी कार्यालयमा सरुवा भएको छ ।

प्रहरी पहरागण सामाखुशीाबाट एसपी कोमल शाह पर्सा जिल्लाको प्रहरी प्रमुखमा आउन लागेका हुन् ।राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान तालिमबाट सर्लाहीमा एसपी नरेशराज सुवेदी आउने भएका छन् ।प्रहरी प्रधानकार्यालयले २३ जना प्रहरी उपरीक्षक (एसपी)को काज सरुवा र सरुवा गरेको छ ।

# बिटौरी समस्याले पाँच हजार परिवार विचल्लीमा

**टुडे समाचारदाता**

राजविराज । आफ्नै नाममा रहेको बिटौरीको जग्गा पनि समस्या पर्दा बैंकमा धितो राख्न नसकेपछि राजविराज नगरपालिका क्षेत्रभित्रका ५ हजार परिवार वर्षौदेखि समस्या झेल्दै आएका छन् ।

लालपूर्जा नरहेको तर बुवा-बाजेको पालादेखि नगरपालिकामा बुझाएको तिरो (कर) का आधारमा भोग चलन गर्दै आएको जग्गा नैं बिटौरी जग्गा हो ।

राजविराज मुख्य बाजार मेनरोड र आसपासको टोल रहेको ६८ विघा जग्गा पछिल्लो ५ वर्षदेखि सरकारले बिक्री वितरण गर्न र बैंकमा राख्न रोक लगाएपछि यस्तो समस्या उत्पन्न भएको छ ।

पाँच वर्ष अघिसम्म उक्त जग्गा बेचविखन गर्न तथा समस्या पर्दा ऋण वापत बैंकमा धितो राख्नसक्ने व्यवस्था थियो । लालपूर्जा नरहेको तथा भूमि व्यवस्था तथा मालपोत कार्यालयले रोक्का गर्न बन्द गरेपछि बैंकले धितो राख्न अस्विकार गर्दै आएकाले आफूहरु समस्यामा परेको नगरवासीको भनाइ छ ।

२०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मेनरोड तथा भित्रि सडकको दायाँ बायाँ रहेको हजारौं परिवार विगत पाँच वर्षदेखि लालपूर्जा नपाएको र नगरपालिकाबाट नक्सापास तथा मालपोत कार्यालयबाट रोक्का प्रक्रिया समेत रोकिएपछि समस्यामा परेको व्यवसायी अभिषेख जोशीले बताए ।

'जग्गा वापतबाट नगरपालिकाबाट पाएको बिटौरी रसिदको आधारमा बसोवास र समस्या परेको बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक र वित्तीय संस्थामा धितो राखी ऋण

कर्जा लिएर काम चलाउने गरेका थियौं, राजविराज ४ का रामअशिष साहले भने, विगत पाँच वर्षदेखि सो सेवा सुविधाबाट बञ्चित हुँदा समस्यामा परेका छौं ।'

विगत पाँच वर्षदेखि श्रेस्ता र कम्प्यूटरमा कुनै रेकर्ड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि समस्या पर्दा बैंक तथा वित्तीय संस्थाबाट पाउनु पर्ने ऋण पाउन नसकि विचल्ली भएको राजविराज ७ का उमाशंकर साहले दुखेसो पोखे ।

विटौरी जग्गाको वर्षौदेखि कर लिने गरेको नगरपालिकाले लालपूर्जा र नक्सा पास उपलब्ध नगराउँदा बैंकले त्यस्तो जग्गा स्विकार नगर्ने गरेकाले व्यापार व्यवसाय पनि चौपट बन्दै गएको राजविराज ४ का कपडा व्यवसायी मो. दानिसले गुनासो पोखे ।

बैंकले त्यस्तो जग्गा अस्विकार गर्दा समस्याका बेला चर्को मिटरब्याजमा ब्यक्तिहरुसित ऋण लिन बाध्य भएको राजविराज ३ का मो. हैदरले सुनाए । 'मेरो जग्गा न बैंकले राख्न मान्यो, न मालपोतले रोक्का गर्न मान्यो, उनले भने बुबाको उपचार आवश्यक भएकाले चर्को ब्याजदरमा ऋण लिन बाध्य भए ।'

सरकारले विटौरी जग्गाको कारोबारमा लामो समयदेखि रोक लगाएपछि सन्तानको उच्च शिक्षा र गम्भीर बिरामी पर्दा खर्च जुटाउनुका साथै ब्यापार व्यवसाय गर्नसमेत समस्या भएको तरकारी ब्यवसायी गोपाल महतोले सुनाए ।

राजविराज नगरपालिकाको विटौरी जग्गा सम्बन्धी फाँटका प्रमुख मो. आलमले विगतमा विटौरी रसिदकै आधारमा जग्गा रोक्का र फुकुवा कार्य हुँदै आएकोमा सरकारले विटौरी जग्गाको खरिद बिक्रीमा रोक लगाएपछि समस्या भएको स्विकारे । उनले अब उक्त समस्याको समाधान माथिल्लो निकायबाट मात्र सम्भव भएको बताए । सरकारले नै विटौरी जग्गाको कित्ताकाट र खरिद बिक्रीमा रोक लगाएको उनको भनाइ छ ।

नापी कार्यालय सप्तरीका प्रमुख शत्रुधन प्रसाद यादवले राजविराजको विटौरी जग्गा बारे जग्गाधनीबाट निकै गुनासाहरु आइरहे पनि प्राविधिक कारणले समाधान गर्न नसकिएको बताए । उनले उक्त जग्गाहरुको आफूहरुसँग तथ्याङ्क आइनपुगेकाले समस्या भएको र समाधानका लागि पहल थालिसकेको बताए ।

मालोपोत कार्यालय सप्तरीका प्रमुख रामनारायण शर्माले उक्त जग्गाबारे आफ्नो कार्यालयमा तथ्याङ्क नरहेको जानकारी दिए । 'विगतमा नगरपालिकामा रहेको श्रेस्ताकै आधारमा जग्गाको रोक्का र फुकुवा गर्दै आएका थियौं, शर्माले भने, हाल आएर सरकारले नै रोक लगाएपछि समस्या भएको हो ।'

विटौरी जग्गा प्रत्येक चुनावमा उम्मेदवारहरुको चुनावी एजेण्डा बन्ने गरेको छ । तर, कार्यान्वयनमा आउन सकेको छैन् । स्थानीय निर्वाचन तथा हालै सम्पन्न संसदीय निर्वाचनमासमेत विभिन्न राजनीतिक दल र तिनका उम्मेदवारले आ-आफ्नो प्रतिवद्धता पत्रमा उक्त समस्यालाई प्रमुख एजेण्डा बनाएका थिए ।

राजविराज नगरपालिकाका नगर प्रमुख भिमराज यादवले निर्वाचनका बेला आफ्नो प्रतिवद्धता पत्रको ३ नं. बुँदामै उक्त समस्या तीन महिना भित्रै समाधान गर्ने प्रतिवद्धता जनाएका थिए । हाल उनी निलम्बित अवस्थामा छन् । निर्वाचित हुनु अघिनै उनको निर्माण कम्पनीद्वारा गरिएको एक ठेक्कापट्टा कार्यमा अनियमितता भएको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हाल आएर उनी विरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेपछि नगर प्रमुख यादव निलम्बित अवस्थामा छन् । उनी आफूले विशेष अदालतबाट न्याय पाउने विश्वास ब्यक्त गर्दै लगत्तै उक्त समस्या समाधान गर्ने बताउँदै आएका छन् ।

# चौधरीको रिहाईको माग गर्दै प्रदर्शन

**टुडे समाचारदाता**

बारा । जेल जिवन बिताई रहेका रेशम चौधरीको रिहाईको माग गर्दै बारामा प्रदर्शन गरिएको छ । बर्दियामा भएको नरसंहारको घटनामा आरोपित चौधरी लामो समय देखि काठमाण्डुको डिल्ली बजार स्थित रहेको सदर कारागारमा जेल जिवन बिताई रहेका उनलाई विना शर्त रिहाई गर्न कलैयामा थारु कल्याणकारिणी सभाले बारामा प्रदर्शन गरेको छ । सभाका अध्यक्ष रामप्रसाद चौधरीको नेतृत्वमा रहेको टोलीले कलैया बजारको बिभिन्न भागको परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालय अगाडि प्रदर्शन समेत गरेको थियो ।

सरकारले ल्याएको अध्यादेश पारित गर, कैदी बन्दीलाई रिहा गर, रेशम चौधरीलाई न्याय देउ, अध्यादेशमा राजनीति नगर जस्ता नाराहरु लगाउदै उनीहरुले प्रदर्शन गरेका थिए । नागरिक उन्मुक्ति पार्टीबाट रेशमका श्रीमती रंजिता श्रेष्ठ चौधरी, बुबा लालबिर चौधरी सहित ४ जना संघीय सांसदमा निर्वाचित भएपछि पार्टीले पहिलो शर्तको रुपमा सरकारसंग मुद्दा फिर्ता गर्न माग गरेपछि सरकारले अध्यादेश ल्याइ रेशम चौधरी सहित बिप्लव, सिके राउत नेतृत्वको जनमत पार्टीका नेता तथा कार्यकर्ताहरुलाई रिहाई गर्न पहलकदमी लिएपनि राष्ट्रपति विद्यादेवी भण्डारीले स्वीकृत नगरेपछि अध्यादेश अन्योलमा नै रहेको छ ।

नेकपा एमाले सरकारले ल्याएको अध्यादेशको कडा विरोध गरे पछि सभा आन्दोलनको वाटो अपनाएको छ । अधिकारका क्षेत्रमाकाम गर्ने संघसंस्थाहरु, बार एसोसिएसनका प्रतिनिधिहरु र नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, गगन कुमार थापा, नेता डा. शेखर कोइराला, प्रदीप पौडेल सहित राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवम सांसद रवि लामिछाने, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्गदेन सहित विभिन्न पार्टीका युवा नेताहरुले सो अध्यादेशको विरोध गरेका छन् भने सरकारको नेतृत्व गरिरहेका पाँच दलीय गठबन्धन भने अध्यादेशको पक्षमा देखिएको छ ।

प्रदर्शनपछि आयोजित कोणसभालाई नागरिक उन्मुक्ति पार्टीका जिल्ला अध्यक्ष रामचन्द्र चौधरी, महिला नेतृ राधा कुमारी चौधरी, थारु कल्याणकारिणीका यादव कृष्ण चौधरी लगायतले आफ्नो विचार व्यक्त गर्दै चाँडो भन्दा चाँडो अध्यादेश पारित गर्न माग गरेका थिए ।

# श्याम महोत्सवको रौनकता

**टुडे समाचारदाता**

राजविराज । माड्वारी समुदायले आराध्यदेवको रुपमा पुज्दै आएको खाटु श्यामबाबाको दुई दिवसीय महोत्सव सोमबारदेखि सप्तरीको राजविराजमा सुरु भएको छ ।

महोत्सवको पहिलो दिन स्थानीय शिवमन्दिर प्राङ्गणबाट निस्केको झाँकी, बाजागाजा र लावालस्करसहितको निशान शोभायात्रा नगरपरिक्रमा पश्चात् पुनः सोही स्थानमा पुगेर सम्पन्न भएको थियो ।

निशानयात्रामा माडवारी समुदाय मात्र होइन् हिन्दु धर्मावलम्बीका अन्य जातजातीका समेत सयौं महिला पुरुष नाचगान गर्दै सहभागी भएका थिए ।

भगवान राम, सीता, राधाकृष्ण, हनुमान लगायतका भूमिकामा सजिएका स्थानिय तथा छिमेकी राष्ट्र भारत कलकत्ताका कलाकारहरुले नगरपरिक्रमाका क्रममा गरेको धार्मिक कलाप्रदर्शनले सबैको ध्यान तानेको थियो ।

बालाजी श्याम भक्त मण्डल राजविराजद्वारा आयोजित दुई दिने महोत्सवको अन्तिम दिन मंगलबार जिल्ला खेलकुद विकास समितिको प्राङ्गणमा भारतीय ख्याती प्राप्त कलाकार कुमार दीपक, स्वेता अग्रवालका साथै स्थानीय कलाकारहरुद्वारा भजन सन्ध्या कार्यक्रमको प्रस्तुत गरिने मूल आयोजक समितिका सदस्य सुरेश अग्रवालले जानकारी दिए ।

उक्त धार्मिक कार्यक्रममा नेपाल र भारतका सन्त, महन्थहरुबाट प्रवचन कार्यक्रम पनि प्रस्तुत गरिने समितिका अर्का सदस्य श्याम अग्रवालले बताए ।

उक्त महोत्सव प्रत्येक वर्ष आयोजना हुँदै आएकोमा कोरोना महामारीकाकारणविगतदुईवर्षदेखि रोकिएको थियो । यसपल्ट भव्य रुपमा मनाउन लागिएको महोत्सवमा व्यापक सहभागिता जनाउन महोत्सव तयारी समितिका सदस्य मनोज मुन्धडाले सबैसँग आग्रह गरेका छन् ।

महोत्सवमा २५ हजार भन्दा बढी भक्तजनको सहभागिता रहने

र यसका लागि सम्पूर्ण तयारी पूरा भएको महोत्सव आयोजक समितिले जनाएको छ ।

# पिकअपसहित काठ पक्राउ

**टुडे समाचारदाता**

गरुडा । रौतहटको मौलापुर नगरपालिका र बौधिमाई नगरपालिकाबाट सशस्त्र प्रहरीको टोलीले पिकअप सहित सालको काठ र लता कपडासहितको सामान बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल ११ नम्बर गणबाट खटिएको सशस्त्र प्रहरी निरीक्षक जय बहादुर चौधरी नेतृत्वको गस्ती टोलीले चेक जाँच गर्ने क्रममा मौलापुर नगरपालिका वड़ा नम्बर ३ बाट बा २० च ३६३४ नम्बरको बोलेरो पिकअपमा लोड गरेको ४० थान सालको काठ बरामद गरेको छ ।

४४ क्यूफिट काठसहित पक्राउ परेको पिकअपको मूल्य १ लाख ७४ हजार २ सय रुपैया कायम गरी कारबाहीको लागि जिल्ला डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल ११ नम्बर गण हजमीनियाले जनाएको छ ।

सशस्त्र प्रहरी निरीक्षक विष्णु उप्रेतीको कमाण्डको टोलीले बौधिमाई नगरपालिका वड़ा नम्बर ८ हनुमान चोकबाट भारतबाट अवैध रुपमा ल्याउदै गरेको सामानहरु पक्राउ गरेको छ ।

बी आर ०६ सी इ ६५१५ र बी आर ०६ सी ६६२६ नम्बर को मोटरसाइकलमा लोड गरिएको ३३ हजार ८ सय ४० रुपैया मूल्य बराबरको जुत्ता , चप्पल , कपडा नियन्त्रणमा लिएर कारबाहीका लागि जिल्ला मन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी उपरीक्षक ध्रुब कार्कीले जानकारी दिएका छन ।

# प्रोटेबल अल्ट्रासाउन्ड मेसिन हस्तान्तरण

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा मेयरका प्रत्याशीले लाखौं मूल्य बराबरको एकथान प्रोटेबल अल्ट्रासाउण्ड मेसिन गरुडा नगरपालिकाको कार्यालयलाई हस्तान्तरण गरेका छन् ।

नेकपा एकीकृत समाजवादीबाट गरुडा नगरपालिकाका मेयरमा चुनाव लड्दका बृज किशोर यादवले सोमवार एक कार्यक्रमकाबीच नगरपालिकाकी उपप्रमुख पुनम देवी चौधरीलाई उक्त प्रोटेबल अल्ट्रासाउण्ड मेसिन हस्तान्तरण गरेका छन् ।

आफ्नै पहलमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट सहयोग प्राप्त गरेका १५ लाख मूल्य बराबरको उक्त मेसिन स्वास्थ्य संस्थालाई प्रदान गर्न

मेयरका प्रत्याशी यादवले उपप्रमुख चौधरीलाई हस्तान्तरण गरेका छन् ।

ग्रामीण क्षेत्रका गर्भवती महिलाको स्वास्थ्य परीक्षण र त्यसको नतिजाको आधारमा उपचार गर्न सहयोग होस भन्ने उद्देश्यले उक्त प्रोटेबल अल्ट्रासाउन्ड मेसिन हस्तान्तरण गरिएको उनले बताए ।

यो मेसिनले गर्भवती महिलाको पेटमा रहेको बच्चाको अवस्था सजिलै थाहा पाउन सकिने भएको हुँदा यसले गर्भवती महिला र नवजात शिशुको मृत्युदर घटाउन निकै सहयोग पुग्ने विश्वास गरिएको उनले बताए ।

गर्भवती महिला, सुत्केरी आमा र नवजात शिशुको मृत्यु कम गर्न र स्वास्थ्य सुरक्षाको बारेमा जानकारी लिन यो मेसिन निकै उपयोगी हुनेछ ।

उक्त मेसिनले महिलाको गर्भमा समस्या भएमा समयमै पत्ता लाग्न सजिलो हुने नगर उपप्रमुख चौधरीले बताइन् । यो मेसिन ल्याउन गरुडा नगर प्रमुख कन्थमनी प्रसाद जयसवालको पनि भूमिका महत्वपूर्ण रहेको उनले बताइन् ।

प्रदान गरिएको उक्त अल्ट्रासाउण्ड मेसिन वडा नं ५ शिवनगर स्थित रहेको प्रसूति गृहलाई उपलब्ध गराउने मेयर जयसवालले बताए । सो अवसरमा इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायव उपरीक्षक डिएसपी बरुण बहादुर सिंह, नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबु यादव, नेता शैलेस जयसवाल लगाएतको उपस्थिति रहेको थियो ।

# दुर्घटनामा दुईको मृत्यु

**टुडे समाचारदाता**

बारा । पूर्वपश्चिम राजमार्ग अन्तर्गत बाराको निजगढमा आइतवार राति भएको मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुने दुबै रौतहटस्थित गुजरा नगरपालिकाका स्थानीय युवा रहेका छन् ।

ईलाका प्रहरी कार्यालय निजगढका अनुसार रौतहट गुजरा नगरपालिका ३ सिम्रिक बस्ने २६ वर्षीय भुवन पहाडी र सोही ठाँउका २७ वर्षीय रितबहादुर राईको दुर्घटनामा मृत्यु भएको छ ।

दुबैको घटनास्थलमै मृत्यु भएको थियो । मृतकमध्ये पहाडीले मोटरसाइकल चलाएका थिए । तीव्र गतिमा रहेको प्रदेश २-०३-००९ प ३९४३ नम्बरको मोटरसाइकल सडक छेउमा रोकिरहेको प्रदेश २-०३-००१ख ४२२९ नम्बरको ट्रकको पछाडि ठोक्किन पुगेको थियो ।

मोटरसाइकलमा तीन जना सवार रहेका थिए । तीन जनामध्ये सोही ठाँउका २४ वर्षीय सुशील माझी घाइते भएका छन् । उनको भरतपुर स्थित अस्पतालमा उपचार भइरहेको छ । निजगढबाट उनलाई थप उपचारका लागि भरतपुर लगिएको छ ।

**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं ।**

- विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेर मात्र भुक्तानी गर्ने गरौं ।
- सञ्चारमाध्यमले जारी गरेको विजक र एजेन्सी कमिसन खुल्ने विजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं ।
- सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यादेशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महिनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महिनाभित्र भुक्तानी गरौं ।
- समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८